लैङ्गिक समानता
बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

**आवश्यकता**
धनुषाधामको शंकर अटो सेन्टर (TVS Showroom) मा १ जना मार्केटिङ्ग गर्ने इच्छुक योग्य कर्मचारी आवश्यक भएकोले सात दिन भित्र सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।
पदः- मार्केटिङ्ग
योग्यताः- न्यूनत्तम SLC/SEE उर्त्तिण ।
तलबः- आपसी सम्झौतामा निर्धारण गरिन्छ ।
सम्पर्क नं.ः- ९८१०१७११६३

वर्ष २५ •अंक १४२ • २०७९ साल आश्विन २८ गते शुक्रबार (14 October, Friday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशमा मन्त्री हट्ने हलचल

टुडे समाचारदाता

जनकपुरधाम ।संघीय सरकारमा रहेका जनता समाजवादी पार्टी(जसपा)का मन्त्रीहरुलाई प्रधानमन्त्री शेरबहादुर देउवाले बर्खास्तगरे लगतै मधेश प्रदेशमा मन्त्री हटने हलचल भएको छ ।

जसपा नेतृत्वको मधेश प्रदेश सरकारमा नेपाली कांग्रेसका ३, नेकपा एसका १ राज्यमन्त्री सहित ३ र माओवादी केन्द्रका १ राज्यमन्त्री सहित २ जना मन्त्री छन् ।

मुख्यमन्त्री लालबाबु राउतले केन्द्रमा जसपाका मन्त्रीलाई बर्खास्त गरिएपछि प्रदेशमा पनि बर्खास्त गर्न सकिने बताएका छन् ।

'मन्त्रीहरुलाई हटाइने वा राखिरहने विषयमा अहिले निर्णय भइसकेको छैन्' मुख्यमन्त्री राउतले भने, तर केन्द्रको असर प्रदेशमा पनि पर्न सक्छ ।

मधेश प्रदेश सरकारमा कांग्रेसबाट भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव, खानेपानी तथा ऊर्जा विकास मन्त्री ओमप्रकाश शर्मा र महिला,



बालबालिका, युवा तथा खेलकुद मन्त्री वीरेन्द्रप्रसाद सिंह रहेका छन् ।

त्यसैगरी नेकपा एकीकृत समाजवादीबाट उद्योग, पर्यटन तथा वन मन्त्री शत्रुधन महतो, कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्री प्रमोद यादव र उद्योग, पर्यटन तथा वन राज्यमन्त्री नागेन्द्र राय यादव छन् । माओवादीबाट आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साह र राज्यमन्त्री रुवि कर्ण छन् ।

जसपाबाट विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) तर्फ लागेका मन्त्रीहरुलाई गत मंसिरमा बर्खास्त गरी कांग्रेस, नेकपा एस र माओवादी केन्द्रलाई सरकारमा भित्र्याइएको थियो ।

# जसपाका चारै मन्त्री बर्खास्त, सत्तागठबन्धनबाट जसपा हटाइए

टुडे समाचारदाता

काठमाण्डु ।सत्ता गठबन्धनमा रहेको जनता समाजवादी पार्टी(जसपा)का चारै जना मन्त्रीलाई विहिवार बर्खास्त गरिएको छ ।

संघीय र प्रदेशको चुनावमा एमालेसित गठबन्धन गरेको जसपाका मन्त्रीहरुलाई बर्खास्तगरी औपचारिक रुपमा नै अलग्याइएको छ ।जसपाले असोज २२ गते एमालेसित औपचारिक रुपमा चुनावी तालमेल गरेको थियो ।

जसपाले पाँच दलसित सत्ता गठबन्धन र एमालेसित चुनावी तालमेल मात्र रहेको प्रष्टयाएको थियो ।चुनावमा बढी सिट प्राप्तिका लागि एमालेसित तालमेल गरिए पनि विचार नमिलेको जसपाका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठले बताउँदै आएका थिए ।तर सत्ता गठबन्धनका नेताहरुले एमालेसित तालमेल गरेसँगै मन्त्रीहरुले राजिनामा दिने अपेक्षा गरेका थिए ।

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (ख) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र प्रसाद श्रेष्ठ, कृषि तथा



पशुपक्षी मन्त्री मृगेन्द्र कुमार सिंह यादव, भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राई र वन तथा वातावरण मन्त्री प्रदीप यादवलाई पदमुक्त गरेका हुन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीको सिफारिसमा उनीहरुले सम्हाली आएका मन्त्रालयको कार्यभार प्रधानमन्त्री देउवाले सम्हाल्ने गरी तोकेको राष्ट्रपति कार्यालयले जनाएको छ । वर्तमान मन्त्रिपरिषद् २०७८ असार २९ गते गठन भइ विभिन्न मितिमा हेरफेर तथा कार्यविभाजन भएको थियो ।

मौजुदा मन्त्रिपरिषद्मा सामान्य प्रशासनमन्त्री श्रेष्ठ, कृषिमन्त्री यादव, भौतिक पूर्वाधार मन्त्री राई र वन तथा वातावरण मन्त्री प्रदीप यादव मध्ये मृगेन्द्र सिंह यादव बाहेक तीनै जना मन्त्री चुनाव लडेका छन् ।सिंह यादव राष्ट्रिय सभा सदस्य हुन् । गठबन्धनबाट हटने बितिकै जसपाका मन्त्रीहरुलाई हटाउन प्रधानमन्त्री देउवामाथि दबाब बढेको थियो ।

जसपाबाट नेतृत्वगर्दै श्रेष्ठले २०७८ सालमा नै सरकारमा सहभागी भएका थिए ।उनीसँगै मन्त्री बनेका रेणु यादव, महेन्द्र यादव र रामसहाय यादवलाई पार्टीले फिर्ता बोलाएको थियो ।

त्यसपछि गत असार २० गते मृगेन्द्र सिंह यादव, प्रदीप यादव र इस्तियाक राइन मन्त्री बनेका थिए ।उनीहरु तीन महिना ७ दिन मन्त्री रहे ।तर श्रेष्ठले सरकारमा १ वर्ष नै पूरा गरे ।

यस्तै राष्ट्रपतिले कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने गरी तोकेको राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेद्वारा विहिवार जारी विज्ञप्तिमा जनाइएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीबाट हटाउन गठबन्धनको सुत्रपात जसपाका अध्यक्ष उपेन्द्र यादवले नै गरेका थिए ।यादवलाई सरकारबाट ओलीले हटाएसँगै सरकार ढाल्न यादवले गठबन्धनको प्रयास गरेका थिए ।

गठबन्धनमा नेकपा माओवादी अध्यक्ष प्रचण्डसित सम्बन्ध राम्रो रहे पनि जसपाका अध्यक्ष यादवले 'अदृश्य ' राजनीतिक शक्तिको दबाबमा एमालेसित गठबन्धन गर्न पुगेको बताइन्छ ।नागरिकता विधेयक प्रमाणीकरण नहुँदा एमाले बिरुद्ध मोर्चा खोलेका जसपा अध्यक्षले चुनावमा ठूलो लाभ लिन सक्ने सो मुद्दालाई समेत ओझेलमा पारेर एमालेसित नै तालमेल गर्न पुगेको आरोप पार्टी भित्र पनि नेताहरुले लगाइरहेका छन् ।

चुनावको प्रारम्भिक चरणमा मधेश प्रदेशमा जसपाका उम्मेदवारहरुले सशक्त रुपमा एजेण्डासमेत राख्न सकेका छैनन् ।एमाले विरुद्ध मधेशमा बलेको आगोलाई जसपाले पानी खन्याएर नै निभाएको विपक्षीहरुको आरोप छ ।






## पैसाको अभावमा भरपर्दोउपचारबाट बञ्चित

सिकेन्द्र पासवान

कलैया । बाराको सिम्रौनगढ नगरपालिका वडा नम्बर १ नमसगराघाटका रामकिशोर मुखियाको छोरा ९ वर्षीय सुभाष मुखिया गरिबीका अभावका कारण ब्लड क्यान्सरको प्रभावकारी रुपमा उपचार गराउन असमर्थ भएको छ ।

७ महिना पहिले ब्लड क्यान्सर भएको जानकारी हुन साथ आफूसंग भएको चल अचल सम्पत्तिहरु साहु महाजन कहाँ राखेर वीरगञ्जबाट क्यान्सर होस्पिटल चितवनमा ७ महिना भर्ना गरेर करिब ११ लाख रुपैया खर्च गरिसकेको सुभाषका बुबा रामकिशोरले भने । अहिले पनि छोरा राम्रो छैन भएभरको जथा सम्पत्ति साहुसंग कर्जा लिइ उपचारमा लगाइ सके अव मसंग एक छाक खानका लागि मुस्किल भइरहेको हुँदा छोरालाई कसरी उपचार गर्ने उनले चिन्ता व्यक्त गरे ।

डाक्टरले ३ बर्ष निरन्तर हरेक महिनामा लिएर आउन भनेको हो के गर्नु महिनामा एक पल्ट जादा रु २० हजार खर्च हुने गरेको छ ।

कहाँबाट कसरी छोरालाई बचाउने भने पीरले निद्रा पनि लाग्दैन राजकिशोरले बताए । छोराको जीवन रक्षाका लागि राजकिशोरले सबैलाई सहयोग गर्न आग्रह समेत गरे ।

३ छोरी, २ छोरा, श्रीमति, बुढो आमा, बुबा र म गरी परिवारमा ९ जना सदस्य रहेकोमा परिवारलाई पाल्न नै गाह्रो हुने गरेको अवस्थामा छोराको उपचार कसरी गर्ने चिन्ता भएको छ उनले भने ।

# एआईजीको नेतृत्वमा असईको हत्या छानबिन समिति गठन,जवान पक्राउ

टुडे समाचारदाता

राजविराज । सशस्त्र प्रहरी बलका असई सत्यनारायण यादवको हत्या भएको छ। सिरहाको भगवानपुर गाउँपालिका-२ घर भएर सप्तरी स्थित बोर्डर आउटपोष्ट छिन्नमस्तामा कार्यरत यादव असोज २० मा मृत भेटिएका थिए ।

नेपाल-भारत सिमानाबाट ३ किलोमिटर पर भारततर्फ बिहारको मधुवनी जिल्ला स्थित घोडदह खोलामा यादवको शव भेटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश सिंहले बताए ।



डिएसपी सिंहका अनुसार हत्यामा संलग्न आशङ्कामा सो बोर्डर आउट पोष्ट (विओपी) मा कार्यरत जवान होम बहादुर खत्रीलाई पक्राउ गरिएको छ ।

मृतक असईको शव धरान स्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोष्टमार्टम गरिएको छ । घटना छानबिनका लागि सशस्त्र प्रहरी बलले अतिरिक्त महानिरीक्षक (एआईजी) सिपी गौतमको नेतृत्वमा समिति गठन गरिएको छ । गौतम कार्य विभागको प्रमुख छन् । समितिमा डिआईजी कुलबहादुर नेम्वाङ र एसपी छविलाल पाण्डे सदस्य रहेका छन् ।

छानबिनका लागि सशस्त्र प्रहरी बल गण नम्बर-६ का गणपति (एसपी) प्रदीप खड्कालाई हेडक्वार्टर फिर्ता बोलाइएको छ । एसपी खड्कालाई फिर्ता बोलाइएको सशस्त्र प्रहरी प्रवक्ता (एसएसपी) पुरुषोत्तम थापाले जानकारी दिए ।

असोज १९ मा मृतक यादव ड्युटीका लागि भन्दै मोहनपुरतर्फ गएका थिए । त्यसै दिन जवान खत्रीले एक युवती बोलाएर हत्या गरेर फालेको अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरू बताउँछन् । मृतकको कान र टाउकोमा चोट देखिएको एसएसपी थापाले बताए ।

# जसपा मधेश प्रदेश समितिका उपाध्यक्ष झा राजिनामा दिने तयारीमा

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेश समितिका उपाध्यक्ष शम्भु झा पार्टीबाट राजिनामा दिने तयारीमा लागेका छन् ।

टिकट वितरणमा असन्तुष्ट झा हाल पार्टीमा निष्क्रिय छन् । एक वर्ष अघि पनि उनले जसपा मधेश प्रदेश समितिको मुख्य सचिवसहित पार्टीका अन्य सबै जिम्मेवारीबाट राजिनामा दिएका थिए । त्यसपछि उपाध्यक्षको जिम्मेवारीमा सम्हालिरहेका उनी अहिले पुनः



राजिनामा दिने तयारीमा छन् । मधेश प्रदेश समितिको उपाध्यक्ष भए पनि प्रदेशमा टिकट वितरण हुँदा आफूसँग कुनै सल्लाह नगरेको उनको गुनासो छ । 'प्रदेशमा टिकट वितरण गर्दा न कुनै सल्लाह भयो न मलाई कुनै टिकट दियो' उनले भने ।

नेता झा भन्छन्, 'मैले राजिनामा दिए पनि चुनावपछि नै दिन्छु तर चुनावमा उपेन्द्र यादवलाई सहयोग गर्छु कि गर्दिन त्यो निर्णयमा अहिले पुगेको छैन ।' पत्रकारिता पृष्ठभूमिका नेता झाले जसपाबाट राजिनामा दिए सप्तरी-२ बाट प्रतिनिधिसभामा उम्मेदवारी दिएका उपेन्द्र यादवलाई असर पर्ने अनुमान गरिएको छ। अध्यक्ष यादव पनि नेता झालाई मिलाउने प्रयास गरिरहेका छन् ।

## साहसहित ९ जनाको उम्मेदवारी बदरका लागि सर्वोच्चमा रिट दायर



टुडे समाचारदाता

गौर । प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी मनोनयन गरेका विजयकुमार गच्छदार, प्रभु साहसहित ९ जनाको उम्मेदवारी खारेज हुनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरिएको छ ।

गच्छदारसहित गोविन्दराज जोशी, विक्रम पाण्डे, प्रभु साह, सरिता गिरी, डीबी तामाङ भन्ने युद्धविक्रम तामाङ, लक्ष्मी महतो, गगन भन्ने रेवतराज पुरीको उम्मेदवारी खारेज हुनुपर्ने मागसहित रिट निवेदन दायर गरिएको छ ।

ती उम्मेदवारहरू स्वच्छ छविको नभएका कारण उम्मेदवारी बदर हुनुपर्ने माग गर्दै अधिवक्ता अनिल आचार्यले रिट दर्ता गराएका छन् । विभिन्न मुद्दा खेपिरहेका ती उम्मेदवारहरूको उम्मेदवारी मनोनयन खारेज हुनुपर्ने रिटमा माग गरिएको छ ।

## प्रतिनिधिसभाका लागि ८० उम्मेदवार

सिकेन्द पासवान

कलैया । मंसिर ४ गते हुने प्रतिनिधिसभा एवम् प्रदेश सभाको निर्वाचनका लागि जिल्लाभरिबाट ८० जनाले प्रतिस्पर्धा गर्ने भएका छन् । विभिन्न राजनीतिक दल तथा स्वतन्त्रबाट गरी ८० जनाले प्रतिस्पर्धा गरिरहेको मुख्य निर्वाचनको कार्यालयले जानकारी दिएको छ ।

नेपाली कांग्रेस,एमाले, नेकपा माओवादी केन्द्र, नेकपा समाजवादी पार्टी, नेपाल लोकतान्त्रिक पार्टी, नेपाल सुशासन पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी, विवेकशील साझा पार्टी, नेपाल जनता पार्टी, विपी कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी लगायत २२ वटा राजनीतिक दलहरुले चुनावी प्रतिस्पर्धामा उत्रेका छन् ।

निर्वाचन क्षेत्र नम्बर १ बाट १२ जना स्वतन्त्र,६ जना पार्टी, निर्वाचन क्षेत्र नम्बर २ मा पार्टीबाट ११ जना , स्वतन्त्रबाट ११ जना गरी २२ जना,निर्वाचन क्षेत्र नम्बर ३ मा पार्टीबाट १५ जना र स्वतन्त्रबाट ५ जना र निर्वाचन क्षेत्र नम्बर ४ बाट दलहरुको तर्फबाट १० जना,स्वतन्त्रबाट १० जना गरी २० जनाले उम्मेदवारी दर्ता गराएका प्रमुख निर्वाचनको कार्यालयले जनाएको छ।

२०७४ सालको निर्वाचनमा बारामा ४८ जनाले संघीय सांसदमा उम्मेदवारी दर्ता गराएको थियो । जस अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा दलहरुबाट ७ जना , स्वतन्त्रबाट ४ जना, निर्वाचन क्षेत्र नम्बर २ मा पार्टीबाट ७ जना , स्वतन्त्रबाट ६ जना गरी १३ जना, निर्वाचन क्षेत्र नम्बर ३ मा दलहरुबाट १० जना, स्वतन्त्रबाट २ जना गरी जम्मा १२ जना निर्वाचन क्षेत्र नम्बर ४ राजनीतिक दलबाट ९ जना , स्वतन्त्रबाट ३ जना गरी १२ जना प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएको थियो ।

२०७४ सालमा १५ वटा राजनीतिक दलबाट निर्वाचनमा होमिएको थियो । निर्वाचन क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसकोतर्फबाट उमाकान्त चौधरी, निर्वाचन क्षेत्र नम्बर २ मा जनता समाजवादी पार्टीबाट रामसहाय यादव, निर्वाचन क्षेत्र नम्बर ३ बाट जनता समाजवादी पार्टी कै तर्फबाट रामबाबु कुमार यादव र निर्वाचन क्षेत्र नम्बर ४ बाट लोकतान्त्रिक समाजवादी पार्टीबाट एकवाल मिया निर्वाचित छन ।

## क्षमता अभिवृद्धि सम्बन्धी तालिम



टुडे समाचारदाता

कलैया । बाराको वन संरक्षणमा कार्यरत फ्रन्ट लाईनरहरुलाई निजगढमा सीप हस्तान्तरण तथा क्षमता अभिवृद्धि सम्बन्धी दुई दिने तालिम प्रदान गरिएको छ । डिभिजन वन कार्यालय बाराको आयोजना र रेड कार्यान्वयन केन्दको सहकार्यमा सीप हस्तान्तरण तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम सम्पन्न भएको छ।

तालिममा वन नियमावली २०७९ मा रहेका रुख ,काठको नापी गर्ने तरिका लगायत नयाँ प्रावधानहरुको विषयमा जानकारी र जलवायु परिवर्तनले जनजीवनमा परिरहेको असरहरुको विषयमा अवगत गराइएको डिभिजन वन कार्यालय बाराका योजना अधिकृत जवाहर कुर्मीले जानकारी दिए । तालिममा पूर्व वरिष्ठ फरेष्टर डा.राम अशेश्वर मण्डलले सहभागीहरुलाई प्रशिक्षण दिएका थिए । बाराको वन क्षेत्रमा फ्रन्ट लाईनमा कार्यरत सहायक वन अधिकृत,रेन्जर,फरेस्टर र वनरक्षक गरी २५ जनाको तालिममा सहभागिता रहेको थियो ।

# जनप्रतिनिधिकै संरक्षणमा अवैध उत्खनन

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको औरही खोलामा मिथिला नगरपालिकाका जनप्रतिनिधिकै संरक्षणमा अवैध उत्खनन हुने गरेको पाइएको छ ।

अवैध रुपमा ग्राभेल, बालुवा तथा ढुंगा उत्खन्न गरी बिक्री वितरण गर्दै आएको उपकरणलाई कारवाही नै नगरी छाडेको पाइएको छ ।

असोज १२ गते नगरपालिकाका मेयर महेन्द्र महतोको नेतृत्वमा अनुगमन टोलीले अवैध उत्खनन भइरहेको अवस्थामा औरही खोलाबाट ना १ क ४४४७ नम्बरको जेसीबी १ थान, प्रदेश नं.२–०३–००१ क १९७६ नम्बरको टिपर १ थान, प्र.०३–००१त ७३२३ र प्र.०३–००१त ७३२४ नम्बरको ट्र्याक्टर २ थान नियन्त्रणमा लिएर उपकरणलाई इलाका



प्रहरी कार्यालयलाई जिम्मा लगाएका थिए ।

मेयर महतो स्वास्थ्य परीक्षणका लागि भारतको दिल्ली पुगेपछि उपमेयर सुनिता सिंह बुढाथोकीले कार्यालयको पत्र काट्दै जरिवाना नै नगरी उपकरण छाडेकी छन् ।

कारवाहीका लागि नियन्त्रणमा लिइएका सवार ासाधनलाई आवश्यक जरिवानासमेत नलिइ छोडिएको नगरपालिका कार्यालयले जनाएको छ ।

क्रसर माफियासंगको मिलेमतोमा उपमेयर बुढाथोकीले अवैध उत्खननलाई छुट दिएको आरोप छ ।

उपमेयर बुढाथोकीले पत्र काट्दै उक्त सवारीसाधन नगरकार्यपालिकाका सदस्य विशेश्वर साह हलुवाइको जिम्मा लगाउन भनेकी छन् । तर ती उपकरण उत्खनन गर्नेले लगेको स्थानीयवासिन्दाले बताएका छन् ।

खोला तथा चुरे क्षेत्रमा डोजर लगाउँदा ठाउँठाउँमा गहिरो भंगालो बनाएको छ । नदीजन्य ठाउँ र वरपरबाट बालुवा, ग्राभेल उत्खनन्, प्रशोधन गर्न नपाइने कानूनी व्यवस्था छ । खोलाको प्राकृतिक बहावको दायाँबायाँ तीन सय मिटर उत्खनन गर्न नपाइने व्यवस्था छ ।

# 'स्वास्थ्य सेवा आमजनताको मौलिक अधिकार'

जनकुरधाम । मधेस प्रदेशका प्रदेश प्रमुख हरिशङ्कर मिश्रले स्वास्थ्य सेवा आमजनताको मौलिक अधिकार भएको बताउनुभएको छ। उहाँले गुणस्तरीय सेवा प्रदान गर्नका लागि सरकारी सेवामा कार्यरत चिकित्सकलाई विशेष आग्रह गर्नुभयो ।

प्रदेश प्रमुख मिश्रले मधेस प्रदेशको समग्र स्वास्थ्यको अवस्थाका बारेमा प्रदेश स्वास्थ्य निर्देशनालयले आज जनकपुरधाममा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा सो धारणा व्यक्त गर्नुभएको हो । मधेस प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा भोगेन्द्र झाले कतिपय स्वास्थ्यका सूचकमा प्रदेशमा थप कामकाज गर्न आवश्यक भएको बताउँदै गुणस्तरीय स्वास्थ्य सेवाविना अन्य क्षेत्रको विकास कठिन हुने बताउनुभएका हो ।

स्वास्थ्य तथा जनसत्ृया मन्त्रालयका अतिरिक्त सचिव डा सङ्गीता कौशल मिश्रले स्वास्थ्य क्षेत्रको सुधारका लागि कुनै एक पक्षको प्रयासले नपुग्ने बताउँदै सबैको साथ एवं सहयोग आवश्यक भएको बताउनुभयो । मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा रामकेवल साहले मधेस प्रदेशको समग्र स्वास्थ्य अवस्थामा सुधार गर्नका लागि प्रतिष्ठानले स्वास्थ्य शिक्षा तथा अनुसन्धानमा जोड दिएको बताउनुभयो ।

मधेस प्रदेशका स्वास्थ्य निर्देशक विजयकुमार झाले प्रदेशको समग्र स्वास्थ्यको अवस्थाका विषयमा प्रकाश पार्दै वार्षिक समीक्षामा आएका विषयवस्तु मन्त्रालयले सम्बोधन गर्नका लागि कन्जुस्याइँ गरिरहेको बताउनुभयो । महोत्तरीका एकडारा गाउँपालिकाका अध्यक्ष दिपनारायण मण्डल, धनुषाको लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्र, मधेस प्रदेशका सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराई, युएनएफपिएका प्रदेश प्रमुख डा नरेन्द्र मिश्र, गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा प्रकाश साह, प्रादेशिक प्रयोगशाला जनकपुरधामका निर्देशक डा श्रवणकुमार मिश्र, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा प्रमोदकुमार यादवसहितका वक्ताले सो अवसरमा बोल्नुभएको थियो । तीन दिनसम्म चल्ने वार्षिक समीक्षामा प्रदेशभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाको अवस्था, यसले प्रदान गरेको स्वास्थ्य सेवा, भविष्यमा गर्नुपर्ने सुधारका पक्षका विषयमा गहन छलफल तथा समीक्षा हुने जनाइएको छ ।रासस

# मत सर्वेक्षण गर्न नपाइने

टुडे समाचारदाता

जनकपुरधाम।निर्वाचनआयोगले मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन प्रयोजनकालागि मत सर्वेक्षण गर्न नपाउने भएको छ। निर्वाचन आचारसंहिता २०७९ लागु भई सकेको अवस्थामा आचारसंहिता विपरीत कतिपय व्यक्तिहरुले सामाजिक सञ्जालको प्रयोग गरेर राजनीतिक दल र उम्मेदवारका सम्वन्धमा मत सर्वेक्षण गरेको तथा त्यसको नतिजा सार्वजनिक गरेको पाइएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ (त) मा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मत परिणामका सम्बन्धमा कुनै मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नपाइने स्पष्ट उल्लेख गरिएको निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जनाएका छन् ।

आचारसंहिताको दफा ४ को (थ) मा निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्नसमेत नहुने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ । सर्वेक्षणको मतपरिणाम सार्वजनिक गरिए कानून बमोजिम कारवाही हुने निर्वाचन आयोगले चेतावनीसमेत दिएको छ ।


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**नमूना मतदानको अभ्यास** : आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष निर्वाचनमा बदर मत कम गर्न र मतदाता शिक्षा प्रभावकारी बनाउन बिहीबार सप्तरीको राजविराजमा गरिएको नमूना मतदानको अभ्यासका लागि लामबद्ध नागरिक । *तस्विर : रासस*

# निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने

काठमाण्डु । अन्तर पुस्ता महिलावादी मञ्च (आइजिएफएफ) ले निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने र गराउनुपर्ने माग गर्दै आज ७७ वटै जिल्ला प्रशासन कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएको छ ।

मञ्चले निर्वाचन आचारसंहिता पालना गर्ने गराउने र सो को उल्लंघनमा निर्वाचन आयोग लगायत सबै सरोकारवालाहरूको ध्यानकर्षण गराएको हो । सो संस्थाले निर्वाचन आयोग, विभिन्न वडा कार्यालय र महिला अधिकार मञ्चमा ध्यानाकर्षण पत्र बुझाएको हो ।

कुनै पनि शारीरिक किसिमले निर्बल (वृद्धवृद्धा, अपाङ्गता भएका, गर्भवती, सुत्केरी, बालबालिका आदि) महिला या पुरुष मतदान गर्न जाँदा/आउँदा राज्यको तर्फबाट गरिएको विशेष व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गरी सुदृढीकरण गर्नुपर्ने ध्यानाकर्षण पत्रमा भनिएको छ । यस मञ्चले स्थानीय निर्वाचनमा महिला सहभागिताको लागि विभिन्न राजनैतिक दलहरूका नेतृत्वसँग संवादलगायत आफ्नै सिकाइको लागि सञ्जालको आन्तरिक छलफल तथा विभिन्न जिल्ला तथा प्रदेश स्तरमा कार्यक्रम गर्दै आएको छ ।रासस

# निर्वाचन मतपरिणाबारे सर्वेक्षणबारे आयोगको ध्यानाकर्षण

काठमाण्डु । मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको आचारसंहिता विपरीत कतिपय व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरेर राजनीतिक दल र उम्मेदवारका सम्बन्धमा मत सर्वेक्षण र सोको नतिजा सार्वजनिक गरेको पाइएको छ ।

आयोगका उपसचिव एवं सहायक प्रवक्ता कमल भट्टराईले आज प्रेस विज्ञप्ति जारी गरी उपरोक्त व्यवस्था विपरीत कोही कसैले कार्य गरेमा कानून बमोजिम कारबाही हुने स्पष्ट गर्नुभएको छ ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ (त) मा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामका सम्बन्धमा कुनै मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नपाइने स्पष्ट उल्लेख गरिएको छ ।

साथै आचारसंहिताको दफा ४ को (थ) मा निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्नसमेत नहुने व्यवस्था रहेको छ ।रासस

# चितवनमा त्रिपालमुनि कैदीबन्दी

चितवन । चितवनमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा व्यवस्थापनमा समस्या पर्दै आएको छ । कारागार कार्यालय चितवनमा अहिले क्षमताभन्दा बढी कैदीबन्दी भएका कारण रात कटाउनका लागि कैदीबन्दीले त्रिपालको साहरा लिनुपरेको छ ।

अहिले दैनिक १२ कैदीबन्दी रातको समयमा त्रिपालको साहरामा बिताउन बाध्य छन् । दुई सय ८० जनाको क्षमता रहेको यस कारागारमा अहिले सात सय ७८ कैदीबन्दी छन् । क्षमताभन्दा तेब्बर कैदीबन्दी भएका कारण उनीहरूको व्यवस्थापनमा समस्या देखिएको हो । कार्यालय प्रमुख कमलप्रसाद आचार्यले अहिले रातको समयमा कैदीबन्दी व्यवस्थापनमा समस्या आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “कारागारमा अहिलेको समस्या भनेको कैदीबन्दी बढी हुँदा त्रिपालमुनि बस्नुपर्ने रहेको छ ।” कारागारको समस्याका बारेमा कारागार व्यवस्थापन विभागलाई जानकारी गराइएको उहाँले बताउनुभयो । आचार्यले भन्नुभयो, “विभागमा सबै जानकारी गराएका छौं । सबैतिर यस्तै समस्या हो ।” उहाँले थप्नुभयो, “कैदीबन्दीको चाप बढेपछि



साउनमा केही कैदी स्थानान्तरणसमेत गरेका थियौँ । फेरि चाप बढ्न थाल्यो ।”

चाप बढेकै कारण साउन महिनामा ५१ जनालाई स्थानान्तरण गरिएको उहाँले बताउनुभयो । स्थानान्तरणको समयमा समेत त्रिपालमुनि बस्नुपर्ने बाध्यता रहेका कारण स्थान्तरण गरिएको र अहिले पनि त्यही समस्या आएको उहाँले जानकारी दिनुभयो । दुई सय ५५ पुरुष कैदीबन्दीको क्षमता रहेको ठाउँमा सात सय २९ र २५ जनाको क्षमता रहेको महिला कैदीगृहमा ५९ जना छन् । चार नाबालिक रहेको आचार्यले जानकारी दिनुभयो ।

कारागारमा छिमेकी जिल्लाबाट समेत कैदीबन्दी ल्याइने हुँदा कैदीबन्दीको सङ्ख्या दिनहुँ बढ्दै गएको आचार्यले बताउनुभयो । विशेष गरी नवलपुर र मकवानपुरबाट कारागारमा बढी सङ्ख्यामा कैदीबन्दी ल्याइन्छ । उपचारका लागि बाहिरी जिल्लाबाट कैदीबन्दी चितवन ल्याउनुपर्ने हुँदा चाप बढेर व्यवस्थापनमा कठिनाइ भएको हो ।रासस

# ‘उम्मेदवारी दिँदा दलित समुदायलाई उपेक्षा गरियो’

**टुडे समाचारदाता**

काठमाण्डु । दलित समुदायका सङ्घसंस्था तथा नेताहरूले आगामी मंसिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचनमा प्रत्यक्षतर्फ दलितलाई टिकट नदिएर उपेक्षा गरिएकको भन्दै गुनासो गरेका छन् ।

जागरण मिडिया सेन्टरका अध्यक्ष कमला विश्वकर्माले संविधानले समानुपातिक, समावेशी रसहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कलप गरिएको पनि मुख्य दलहरूले नै टिकट वितरणमा दलित समुदायलाई बेवास्ता गरेको आरोप लगाए ।

मंसिर ४ गते हुने निर्वाचनमा नेपाली कांग्रेसले प्रतिनिधिसभाको लागि दलित समुदायबाट एक जनामात्रै (मानबहादुर नेपाली, (रुकुमपश्चिम) उम्मेदवार) उम्मेदवार उठाएको छ ।

त्यसैगरी नेकपा (एमाले)ले छविलाल विश्वकर्मालाई रुपन्देही-१ बाट र चक्रप्रसाद स्नेहीलाई डडेलधुराबाट प्रत्यक्षमा टिकट दिएको छ । नेकपा (माओवादी केन्द्र)ले महेश्वर गहतराजलाई बाँके-१ र अञ्जना विसंखेलाई काठमाण्डु-१० बाट टिकट दिएको छ । देशैभरि दलित समुदायको जनसङ्ख्या भने करिब १४ प्रतिशत रहेको छ ।

नेकपा (एकीकृत समाजवादी) का नेता गणेश विकले प्रत्यक्षतर्फ प्रतिनिधिसभाका लागि एक सय ६५ र प्रदेशसभाका लागि तीन सय ३० सदस्यका लागि दलहरूले उम्मेदवारी दिँदा दलित समुदायबाट नगन्य मात्रामा उम्मेदवारी बनाउनु विडम्बनाको विषय भएको बताएका छन् । संविधानको धारा ४० ले दलित समुदायको सहभागिता र शसक्तीकरण गराउने र धारा ४२ ले सामाजिक न्याय सुनिश्चित गर्ने भनेको छ । मौलिक हकअन्तर्गत धारा २४ ले जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने भनेको छ ।

विसं २०७४ को निर्वाचनमा प्रत्यक्षतर्फ एमालेबाट छविलाल विश्वकर्मा, जगत विश्वकर्मा र माओवादीबाट महेश्वर गहतराजले निर्वाचन जितेका थिए । प्रतिनिधिसभामा समानुपातिकसहित दुई सय ७५ सदस्यमा ६.९ प्रतिशत अर्थात् १९ जनामात्रै दलित समुदायको प्रतिनिधित्व रहेको थियो ।

# छुट्टाछुट्टै घटनामा दुईको मृत्यु

मकवानपुर । मकवानपुरमा छुट्टाछुट्टै घटनामा दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्लाको भीमफेदी गाउँपालिकामा अरिङ्गालको टोकाइबाट एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भीमफेदी गाउँपालिका-६ पारीबजार बस्ने ६२ वर्षीय कृष्णबहादुर स्याङ्तान रहेको प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार बिहीबार दिउँसो स्थानीय काभ्रेडाँडामा गोठालो गएका उनलाई अरिङ्गालले चिलेर सख्त बनाएकामा उपचारका क्रममा आज बिहान



चितवनको पपुलर अस्पतालमा मृत्यु भएको हो ।

यस्तै भीमफेदी-६ जुरिखेतमा भिरबाट लडेर अर्का एक जनाको मृत्यु भएको छ । स्थानीय ३२ वर्षीया समिता रानामगर बुधबार घरदेखि एक किमी उत्तरतर्फको जङ्गलमा घाँस काट्न गएकामा भिरबाट लडेर घटनास्थलमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो । मृतक रानामगरको शव परीक्षणका लागि हेटौँडा अस्पतालमा ल्याइएको छ ।रासस

# सोह्रखुट्टेमा बाउन्सरमाथि खुकुरी प्रहार गर्ने आठ पक्राउ

काठमाण्डु । काठमाण्डुको सोह्रखुट्टेमा बाउन्सरमाथि खुकुरी प्रहार गरेको आरोपमा प्रहरीले आठ जनालाई पक्राउ गरेको छ ।

काठमाण्डु महानगरपालिका-२६ गल्कोपाखा हनुमान चोक नजिकै असोज २५ गते दुई बाउन्सरलाई खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएर फरार रहेका आठ जनालाई जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले पक्राउ गरी बिहीबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको



हो ।

पक्राउ पर्नेमा दोलखाका ३३ वर्षीय जीवन तामाङ, सिन्धुपाल्चोकका २७ वर्षीय दोर्जे शेर्पा र २९ वर्षीय विनोद तामाङ, रामेछापका २८ वर्षीय विकास श्रेष्ठ, २९ वर्षीय राजेन्द्र खत्री, दोलखाका २९ वर्षीय प्रदीप तामाङ र काभ्रेपलाञ्चोकका ३२ वर्षीय दिपेन लामा र काठमाडौं चावहिलका २६ वर्षीय करण डङ्गोल रहेका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भरतबहादुर बोहोराले दरबारमार्गस्थित क्लब प्लाटिनमका दुई बाउन्सर नितेश राई र छिरिङ लामालाई धारिलो हतियारको प्रयोग गरेर फरार उनीहरुलाई काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरीएको जानकारी दिनुभयो ।

पक्राउ परेका उनीहरुको साथबाट प्रहरीले तीन थान खुकुरी, दुई थान मोटरसाइकल बरामद गरेको छ । पक्राउ परेका आठै जनामाथि ज्यान मार्ने उद्योग गर्न नहुने कसुरमा जिल्ला अदालत काठमाडौंबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।रासस

# लामिछानेलाई पाँच दिन हिरासतमा राख्न अनुमति



काठमाण्डु । काठमाण्डु जिल्ला अदालतले राष्ट्रिय क्रिकेट टोलीका निलम्वित कप्तान सन्दीप लामिछानेलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान अघि बढाउन अनुमति दिएको छ ।

उक्त अदालतले यही असोज २७ गतेदेखि लागू हुने गरी यही असोज ३१ गतेसम्म म्याद थप गर्नका लागि अनुमति दिएको हो । लामिछानेलाई हिरासतमा राखी अनुसन्धान अघि बढाउन यो दोस्रोपटक म्याद थप गरिएको हो । यसअघि यही असोज २० गतेदेखि आजसम्मका लागि म्याद दिइएको थियो ।

प्रहरीले लामिछानेलाई म्याद थपका लागि अदालतमा माग गरेकामा न्यायाधीश सूर्यबहादुर थापाले अभियुक्तको अनुसन्धान छिट्टै सकेर सरकारी वकिललाई बुझाउन र मुद्दा चाँडै दायर गर्न निर्देशन दिनुभएको अधिवक्ता सुवास पाठकले जानकारी दिनुभयो ।

यसअघि पहिलो पटक म्याद दिँदा अदालतमा लामिछानेले जाहेरवाली १९ वर्षको भएकीले नाबालिका नभएको समेत न्यायाधीशसमक्ष जिकिर गर्नुभएको थियो ।

नाबालिकामाथि जबर्जस्ती करणी गरेको अभियोगमा जाहेरी परेपछि लामिछानेलाई हिरासतमा राखिएको छ । प्रहरीले यही असोज २० गते उहाँलाई अन्तरर्राष्ट्रिय विमानस्थलबाटै पक्राउ गरेको थियो ।रासस

# आयोगले तोक्यो जिल्ला आचारसंहिता अनुगमन अधिकृत

काठमाण्डु । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आचारसंहिता, २०७९ को दफा ३२ बमोजिम सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुखलाई जिल्ला आचारसंहिता अनुगमन अधिकृतका रूपमा तोकेको छ ।

आयोगको यही असोज २४ गतेको उक्त निर्णयानुसार आफ्नो जिल्लाभित्रका कर्मचारी, शिक्षक वा निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने दायित्व भएका कुनै व्यक्तिले निर्वाचन आचारसंहिताविपरीत कार्य गरेमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुख तथा आचारसंहिता अनुगमन अधिकृतलाई निर्वाचन आयोग ऐन, २०७३ र निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही गर्न निर्देशन दिइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । ती अधिकृतलाई अनुगमनको जानकारी सम्बन्धित जिल्लाको आचारसंहिता अनुगमन समिति र आयोगमा पठाउने गरी अधिकार दिइएको छ ।

आचारसंहिताको पहिलो संशोधनमा प्रत्येक जिल्लामा आयोगले तोकेका वा खटाएको नेपाल सरकार वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीले निर्वाचन आचारसंहिता अधिकृतका रूपमा काम गर्ने उल्लेख छ । प्रत्येक जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा जिल्ला आचारसंहिता अनुगमन समिति रहने व्यवस्था रहेको छ । केन्द्रस्तरमा आयोगका आचारसंहिता हेर्ने आयुक्तको संयोजकत्वमा केन्द्रीय आचारसंहिता अनुगमन समिति रहेको छ ।रासस

ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि. ढल्केवर
मि.न.पा.-६, ढल्केवर

सूचना ! सूचना !! सूचना !!!

ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.ढल्केवरको पन्द्रहौं वार्षिक साधारण सभा यहि मिति २०७९/०६/३० गते आइतबारका दिन दिउँसो १.०० वजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको प्राङ्गणमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण वचतकर्ता, ऋणी तथा शेयर सदस्यज्यूहरुलाईउपस्थितभई दिनहुन अनुरोध गर्दछु ।

अध्यक्ष
मो.नं.९८५४०२६७२९
(ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.)
मि.न.पा.-६, ढल्केवर

Seeking solutions through Plan international Nepal's "The Challenge Fund"
Ref No: 0015-022/023, 14 October, 2022

Plan International Nepal is an independent development and humanitarian organization that advances children's rights and equality for girls. Plan International has been working in Nepal since 1978 to help most marginalized children, their families and communities for accessing their rights to survival, development, protection and participation. Plan International Nepal has been implementing programmes through development partners, in coordination with government and other stakeholders in 13 districts.

Plan International Nepal, Country Office invites sealed proposal from the interested Firm/ Consultant registered in Government of Nepal for ideas to achieve the following:

1. Improving psycho-social well-being for marginalized children aged between 10 to 18.
2. Enhanced learning opportunities-locally/community-based solution that facilitates marginalized and children with disabilities to access enjoy quality and continuous learning opportunities.
3. Unique livelihood ideas on/off farm entrepreneurship which promotes green economy.

The detailed tender documents can be downloaded from https://plan-international.org/nepal/procurement-nepal

**Deadline for Submission**
Interested and eligible consultants are invited to submit their proposal via email with subject line “Seeking solutions through Plan international Nepal's "The Challenge Fund" and EOI reference number at nepal.procurement@plan-international.org. by 31 October 2022. File size should be no more than 20mb.

**Plan International Nepal,**
**Nepal Country Office**
**Maitri Marga, Bakhundole, Lalitpur-3, Phone: 01-5435580**
*Say Yes! To keeping children and Young People Safe and Protected*



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पूर्वाग्रही ओली

नेपालको राजनीतिमा केपी शर्मा ओली शिखरमा छन् ।कयौं पटक उनी देशको प्रधानमन्त्री भइसकेका छन् ।हाल नेकपा एमालेका अध्यक्ष हुन् ।देश र देशवासीको बृहत्तहितमा उनले बिना पूर्वाग्रह निर्णय लिनु पर्छ ।तर ओली अति नै पूर्वाग्रही देखिएका छन् ।ओलीले विरोध गरेकै कारण राष्ट्रपति विद्या देवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण गरिनन् ।लोकतान्त्रिक मूल्य र मान्यता र संसदीय अभ्यास अनुरुप उनले त्यो विधेयक प्रमाणीकरण गर्नैपर्ने थियो ।तर ओलीले विधेयकको विरोध गरेपछि प्रमाणीकरण भएन् ।संसदको दुवै सदनले दुई पटक पारित गरेर पठाएको विधेयकलाई फिर्ता गरेर राष्ट्रपतिले संसदको गरिमालाई समेत ध्वस्त गरेकी छन् ।त्यस प्रकरणमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी(जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले देशैभरि राष्ट्रपतिको विरोध गरे ।प्रदर्शनकारीहरुले कयौं स्थानमा पुतला दहन गरे ।ओली अडानको कारण राष्ट्रपति विवादित बनिन् । नागरिकता विधेयक प्रमाणीकरण नहुँदा केही लाख युवायुवती नागरिकताविहिन भएका छन् ।उनीहरुको अध्ययन र जागिर लगायतका महत्वपूर्ण विषयमा रोक लागेको छ ।तर अहिले एमाले अध्यक्ष ओलीले गैरआवासिय नेपालीलाई तत्काल नागरिकता दिनुपर्ने बताउन थालेका छन् ।नेपालमा आर्थिक कारोबार गर्न सक्ने अधिकार सहितको नागरिकता प्रमाण पत्र दिन ओलीले सरकारसित माग गरेका छन् ।विदेशमा रहेका नेपालीहरुलाई स्वदेशमा लगानी गर्न अत्यन्त सहज वातावरण बनाइनु पर्छ ।थुप्रै नेपालीहरु विदेशमा राम्रो आम्दानीगरी अनेक क्षेत्रमा लगानी गरेका छन् ।उनीहरुको लगानी नेपालमा भित्र्याउन आवश्यक सम्पूर्ण सेवा, सुविधाहरु सरकारले उपलब्ध गराउनु पर्छ ।विदेशी लगानीकर्तालाई आकर्षित गर्न सरकारले अनेक प्रयास गरे पनि त्यो अपेक्षित रुपमा सफल हुन सकेको छैन् ।परदेशमा रहेका नेपालीहरुलाई देशमा लगानी गर्न सरकारले सरल कानुनी प्रावधान राख्नु पर्छ ।नेपालमा लगानी गर्न चाहने परदेशी नेपालीहरुलाई सरकारले सक्दो सुविधा पनि दिनु पर्छ ।ओलीले गरेको माग अनुचित होइन् ।तर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारले त्यसो गर्न खोजे फेरि ओली बाधक हुन बेर छैन् ।विगतमा ओली प्रधानमन्त्री भएका बेला अध्यादेशबाट नागरिकता सम्बन्धी विधेयक ल्याएका थिए ।त्यो विधेयक र देउवा सरकारले ल्याएको विधेयकमा कुनै अन्तर थिएन् ।तर देउवाले संसदको दुबै सदनबाट दुई पटक पारित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाउँदा रोकिएको थियो ।ओली अत्यन्त पूर्वाग्रही नेता हुन् ।देशवासीसित नेताले कुनै प्रकारको विभेद गर्नु हुँदैन् ।ओली नीति निर्माण गर्ने ओहदामा रहेकाले उनी उदार हुनै पर्छ ।

महारानीको अवसान

# सबभन्दा बढी समयसम्म सिंहासनारुढ रहेकी लोकप्रिय



डा.रेवतीरमण लाल

राजकुमार येलवर्ट र आमा येलिजावेथको विहे अप्रिल २६ ता. १९२३ ई.मा वेष्ट मिनिष्टर अबेमा भएको थियो। १९५२ ई.मा उनको पिताको मृत्युपछि येलीजावेथ द्वितीय की आमा "क्वीन मम" ले प्रसिद्ध भएकी थिइन। तर जब उनको मृत्यु एक सय एक वर्षको उमेरमा २००२ ई.मा भयो त्यस बखत उनी आफनो शाही परिवारकी सबभन्दा बढी प्रिय रानीको रुपमा मानिएकी थिइन । ब्रिटेनकी महारानी येलिजावेथ द्विव्रीय आफनो हुने पतिलाई सर्वप्रथम ८ वर्षको उमेरमा भेटेकी थिइन। उनी थिए राजकुमार फिलिप। उनीहरु एक अर्काको माया प्रितिमा बाँधिएका थिए त्यसै बखत रानी येलिजावेथको विहे २० वर्षको उमेरमा नोभेम्वर २० मा १९४७ मा भएको थियो।

केन्या भ्रमण कालमा जब राजकुमारी येलिजावेथलाई पिताको मृत्युको सूचना प्राप्त भयो उनलाई सोधियो "तपाई कुन शाही नामबाट सम्बोधन हुन चाहनुहुन्छ ? शोधदा "म येलिजावेथ चाहन्छु ।" रानी येलिजावेथ हाल सोह्र देशहरुको महारानी थिइन भने उनी चौवन सदस्यीय कौमन बेल्थ देशहरु की नेतृ थिइन र इंगलैण्डको चर्चको प्रमुख रहेकी थिइन । महारानीका चार सन्तानहरु छन । चार्ल्स अब प्रिन्स अफ बेल्स छन र राजगद्दीका उत्तराधिकारी पनि । चार्ल्स अब ब्रिटेनको राजगद्दीमा महारानीको मृत्यु पछि बसेका छन जो सबभन्दा बढी उमेरका ब्रिटिश राजा भएका छन । रानी येलिजावेथ द्वितीय की छोरी एनी छिन जो जसको जन्म राजा चार्ल्सको जन्मको दुई वर्ष पछि भएको थियो।

राजकुमार एण्ड्र्यु डयुक अफ योर्क को जन्म १९६० मा भएको थियो । रानी येलिजावेथका कान्छो सन्तान राजकुमार येडवर्ड छन जो अर्ल अफ एसेक्स छन । जब महारानीका छोरा चार्ल्स कैमिलासँग बिहे गरे २०१५ ई.मा महारानी त्यस विहेको उत्सवमा सरीक न भएकी भने थाहा हुन्छ । महारानी कुकुरको शौकिन हुनुहुन्थ्यो र विभिन्न खेलहरुमा पनि उनको रुची थियो। महारानीको विश्वकी सबैभन्दा धनी शाही परिकार मानिएको छ किनकि यस महारानीको सम्पत्ति ४५० मिलियन डलर बराबर मानिएको छ। येती मात्र होइन महारानी येलिजावेथ द्वितीय विश्वका सबै भन्दा बढी जग्गा धनी मानिएकी थिइन। महारानी का सम्पत्तिहरुमा कला र टिकट संकलनका बहुमूल्य संकलन पनि छ । महारानी सन २०१० देखि आफनो दरवारको बजेट ६२ डलर (मिलियन) बाट ५२ मिलियन डलर गरेकी थिइन।

महारानी येलिजावेथ द्विव्रीयको ताजमा (मुकुटमा) भारतबाट ल्याइएको कहेनूर हीरा पनि राखिएको छ । यस कोहेनुर हीराको कथा यस प्रकार छ। ग्वालियर की महारानीले आफनाी छोरीको इज्जत र छोराको ज्यान बचाउन हुमायुले गरेको कामको लागि एउटा सानो वाकस हुमायुलाई उपहार दिएकी थिइन। त्यस वाकसमा विश्वका सबै भन्दा बढी वेसकीयती हिरा राखिएको थियो। यो हीरा हुमायुले वाबरलाई उपहारको रुपमा दिएपछि बाबरले पुन यो हीरा हुमायुलाई फर्काई दियो र भन्यो यसलाई शाही खजानामा राखियोस । त्यस बखत यसलाई "बाबरको हीरा" भनिएको थियो । पछि नादिर शाहले यो प्राप्त गरेपछि यसलाई "को-ए-नूर" भनेर नाम राखेकोले यो त्यसबेला देखि "कोहेनुर" नामले प्रसिद्ध भयो।

यो हीरा शाह जहाँका सिंहासन तख्तेताउस जो विश्वको सबै भन्दा बहुमूल्य सिंहासन बन्यो त्यसमा जडान गरिएको भनिएको छ । तर अब त्यही कोहेनूर काट छाँट गरेर ब्रिटेन की महारानीको मुकुटको शोभा बढाई रहेको छ। महारानी येलिजावेथको मुकुट विभिन्न रत्नहरु जडित अढाई किलोको रहेको छ। आफनो सत्तरी वर्षसम्मको ब्रिटिस महारानीको रुपमा उनले प्रायः जसो सबै ब्रिटिश प्रधानमन्त्रीहरुको साथ कार्यरत रहेकी पाइन्छ जसमा प्रारम्भमा वीनस्टन चर्चिल १९५२ पश्चात अन्थोनी इडेन, हेरल्ड वीलसन, जौन मेजर, टौनी व्लेयर, गौर्डन ब्राउन, डेविड कैमरोन, मारगरेट थैचर आदि हाल सम्म कै प्रधानमन्त्रीहरुको साथ सफलता पूर्वक काम गरेकी छिन। यसमा मारगरेट थैचरको भनाई थियो "म हमेशा सरकार प्रतिको उनको भावना पूर्ण रुपमा सही नै पाएकी छु।"

ब्रिटेन कोइतिहासमा रानी येलिजावेथको शासनकाल सबै भन्दा बढी लामो रहेको देखिन्छ किनकी जौर्ज तृतीय ५९ वर्ष भन्दा बढी शासन गरेका थिए भने रानी विक्टोरियाको शासनकाल ६३ वर्ष मात्र रहेकोमा यस महारानी येलिजावेथ द्वितीयको राज्यकाल ७० वर्ष रहेको छ। महारानी येलिजावेथको निधन वालमोरल दरवारमा ८ सितम्बर २०२२ ई.मा भएको थियो। महारानीको अन्तिम दर्शनको लागि ८ कि.मि.सम्म मानिसहरुको लाइन लागेको बताइन्छ र उनको पार्थिव शरीरलाई वेष्टमिनिष्टर हलमा अन्तिम दर्शनको लागि ४ दिनसम्म राखिएको थियो । रानीको अन्तिम संस्कार ऐतिहासिक गिरिजाघर वेष्ट मिनिष्टर एवेमा भयो जहाँ १९५३ ई.मा रानीको राज्यारोहण समारोह पनि भएको थियो। उनलाई उनका पति प्रिन्स फिलिपको दफन भएको स्यान सँगै उनलाई पनि राती १२ बजे दफन गरिएको थियो । प्रिन्स फिलिपको २०२१ ई. मा निधन भएको थियो । रानी येलिजावेथका शिक्षा कुनै विध्यालय अथवा महाविध्यालयमा भएको थिएन । तर उनलाई फ्रेन्च भाषाको राम्रो पकड थियो। चीन, रुस, मैन्मार, बेलारुस, सिरिया, भेन्जुयेला र अफगानिस्तानलाई रानीको अन्तेष्टीमा भाग लिन आमन्त्रित गरिएको थिएन।

भारतको तर्फबाट राष्ट्रपति द्रौपदि मुमुर र नेपालको तर्फबाट विदेशी मन्त्री यस अन्तिम संस्कारमा भाग लिएका छन । विगुल बजाएर अन्तिम संस्कार गरी दुई मिनट सम्मको मौन धारण गरिएको र देशभरी दस दिनसम्म शोक मनाउन घोषणा गरिएको कुरा थाहा भएको छ। आफ्नी आमाको मृत्युपछि राजा चार्ल्सले आमा प्रति श्रद्धांजली अर्पण गर्दै आफनो बाल्यकालको अनेक घटनाहरुको साथै अन्य अनेक घटनाहरु भावुक भएर चर्चा गर्नु भएको थियो। म माथि उल्लेख गरेको छु कि सन् २०१५ मा त्यस बखत राजकुमार चार्ल्सले कैमिलासँग विहे गरेको उपलक्ष्यमा भएको उत्सवमा महारानी येलिजावेथ नगएकी । यो अवस्था किन आयो होला । जब प्रिन्स चार्ल्स र लेडी डायना विवाहको बन्धनमा बाँधिए २९ जुलाई १८८१ ई.मा त्यसलाई विश्वले शताब्दीको विहे भनेर भनिएको थियो।

१९८० ई. मा राजकुमार चार्ल्सलाई एउटी दुल्ही चाहिएको थियो र लेडि डायना उपयुक्त देखेर अर्को वर्ष उनीहरु विहेको बन्धनमा बाँधिए । डायना जब १२ वर्ष की थिइन उनी केन्टको वेष्ट हेल्थ स्कूलमा गएपछि उनले आफनो वेडको सामने राजकुमार चार्ल्सको फोटो राखेकी थिइन र त्यस बखत नै उनी वेल्स की राजकुमारी अर्थात राजकुमार चार्ल्स की जीवन संगिनी बन्न चाहेकी थिइन। डायना र चार्ल्सको इनगेजमेन्ट फरवरी १९८१ मा भयो। विहेपछि डायनाको राम्रो स्वास्नी र आमा बन्नुको साथै देशकी रानी बनी देशको सेव ागर्ने महात्वाकांक्षा बोकेकी थिइन । राजकुमार चार्ल्सको लागि डायना उपयुक्त एवं सम्पूर्ण रुपले परिपूर्ण थिइन । किनकि डायनाको परिवार राजकुमार चार्ल्सको परिवार सँगको सम्बन्ध पनि गहिरो रहेको थियो।

विहे भएपछि डायनाको दुई छोराहरु भए विलियमको जनम १९८२ मा र हैरीको जन्म १९८४ मा भयो । तर क्रमश लोग्ने स्वास्नी बीचको तनाव बढन थाल्यो । यस बीच दुवै जना लोग्ने स्वास्नीले आफनो विहेको सात वर्षभित्र उनीहरुले १९ देशहरुको राजकीय भ्रमण गरे । तर उनीहरुको सम्बन्धको दूरीको आभास बाहिर आउन प्रारम्भ भै सके थियो। डायनाको सर्व साधारणहरुसंगको सम्बन्ध, उनको एड्स रोगीहरुसँग हाथ मिलाउने जब कि मानिसहरु त्यस्ता रोगीबाट टाढा रहन चाहन्छन । उनी आफना छोराहरुलाई गृहहीनहरुको आश्रय सम्म लग्न लागेकी थिइन जसबाट उनीहरुले वास्तविक विश्वसँग परिचय पाओस। यसबाट राजकुमार चार्ल्स असन्तुष्ट थिए र उनी कैमिला पार्कर बौल्स तिर सम्बन्ध बनाउन प्रारम्भ गरे । यता डायना पनि चार्लसबाट अतुष्ट भै अर्कोतिर फर्कन बाध्य भइन।

*जोनाथनले लेख्नु भएको थियो कि उनको चार्ल्स सँगको विहेको १६ वर्षभित्र उनी विश्वकी सबै भन्दा प्रसिद्ध महिला मात्र नभै विश्वका बजारमा सबै भन्दा बढी विक्री हुने पत्रपत्रिकाका आधार पनि बनेकी थिइन। अर्थात जुन पत्र पत्रिका उनको समाचार आउथ्यो। त्यो पत्रपत्रिका बढी विक्री हुने गरेको थियो। राजकुमारी डायना लाखौंको हृदयलाई जितेकी थिइन।*

चार्ल्सले एउटा साक्षात्कारमा आफू डायनासँगको सम्बन्धमा अविश्वसनीय भएको विचार व्यक्त गरेका थिए। त्यसपछि एउटा वायोग्राफीमा भनेका थिए कि म डायनालाई कहिले पनि प्रेम नगरेको र विहे यसकारणले गरेको यसो गर्न मेरा पिताबाट दवाव परेको थियो। यी घटनाहरुले गर्दा महारानी येलिजावेथले दुवैजना चार्ल्स र डायनालाइ्र पत्र लेखी भन्नुभयो कि "जति चाडो सक्छौ तलाक दी हाल" त्यस पछि डायना आफना पति चार्ल्ससँग सेन्ट जेम्स दरवारमा भेटेर यो घोषण गरिन कि हामी तलाक दिन राजी भएका छौं। छोड पत्र गर्दा डायना "Her Royal Highness" पदवीलाई त्यागेकी थिइन तर "Princess of Wales" पदवी धारण गरी रहन स्वीकृति दिइएको थियो । राजकुमारी डायनालाई २६.५ मिलियन डलर आफना कार्यालयका कर्मचारीहरुको तलव सुविधाको लागि र छ लाख डलर पाँच वेडहरुम भएको केन्सीगटन दरवारको लागि प्रदान गर्ने स्वीकृत भएको। प्राविधिक रुपमा डायना शाही परिवारकी अंश मानिएकी थिइन।

डायनाले आफ्ना दर्जनौ प्रसिद्ध गाउनहरु वेचेर ३.२५ मिलियन डलर एकठा गरी एड्स र अन्य चैरिटीको लागि राखेकी थिइन । डायनाको दोदी फयादसँगको पहिलो गहिरो प्रेम प्रकरण भनिएको थियो। एक पटक फयादका पिताद्वारा डायना र उनका छोराहरुलाई सेन्ट ट्रोपेज स्थित घरमा आमन्त्रण गरी बोलाउदा डायनाले यसलाई एउटा पुरानो मित्रको परिवार भएको बताएको थिइन । डायना र दोदी फयादको सम्पर्क दश वर्ष अघि मात्र भएको थियो स्मिथको मैदान वीन्डसरमा जब कि दोदी फयादको पोलोको टीमले राजकुमार चार्लसको टीमलाई हराएको थियो। दोदी फयाद शाही सैनिक कौलेजबाट हौलीउडको फिल्म उद्योगको आर्थिक मामला हेर्दै थिए तर उनी पोलो खेल र सुन्दरीहरुको साथीको लागि बढी जानिन्थ्यो । यसमा मोडेल केली फिसरसँग पनि सम्बन्ध बनाएको तर त्यो सम्बन्ध डायना संगको सम्बन्ध भएपछि टुटयो।

एक पटक डायना र फयाद दोदी पेरिस पुगेपछि राती अबेर राती मध्यराती पछि पेरिसको रिज होटलमा मन मुताविक मिठो खाना खाए पछि मर्सिडिज कारमा मिडियाको नजर छल्ने गरी पछाडीको सीटमा यिनीहरु बसे । गाडी ८५ माइल प्रतिघण्टाको स्पीडमा फयाद दोदीको बुबाको घर जो त्यहाँबाट चार माइलको दुरीमा थियो त्यहाँ पुग्न प्रस्थान गऱ्यो। अबेर राती थियो मध्यरात भन्दा पनि बढी भै सकेको थियो। कार दुर्घटनामा पऱ्यो कार अनियनित्रत भै एउटा पर्खालमा ठोकियो र एउटा छत्त नै कार माथि आइ पऱ्यो । कारमा रहेका डायनाका भित्र दोदी र चालकको तत्छण मृत्यु भयो र डायनाको हाथ भाँचेको थियो तर डायनालाई कारबाट बाहिर ल्याउन लगभग एक घण्टा लागेको थियो। राजकुमार्री डायनालाई तुरन्त एम्बुलेन्समा अस्पताल पुऱ्याइयो जो त्यहाँबाट चार माईलको दूरीमा थियो । तर छातीमा गम्भीर चोट लागेकोले डाक्टरहरुको गम्भीर प्रयासको बावजूद उनीहरुद्वारा विहान ४ बजे ३६ वर्षकी डायनालाई मृत घोषित गरियो, डाक्टरहरुले बेहोस डायनालाई होस सम्म पनि गर्न सकेन।

सार्वजनिक रुपमा डायनाको मृत्युको समाचार दुई घण्टा ढीलो ६ बजे मात्र घोषणा हुन सक्यो किनकि राजकुमार चार्ल्सले बालमोरल दरवारमा रहेका डायनाका छोराहरु विलियम र हैरी ६ बजे मात्र वियुभ्दने गरिएको बताइन्छ। त्यस बखतका ब्रिटेनका प्रधानमन्त्री टोनीब्लेयरले देशको नाउँमा शोक सन्देश दिए, डायनालाई जनताकी राजकुमारी (The People's princess) बाट सम्बोधन गर्नुभयो । अमेरिकाका राष्ट्रपति क्लिन्टन आफू अत्यन्त दुखी भएको र महारानी येलिजावेथ र राजकुमार चार्ल्सले यस दुखद समाचारबाट आफूलाई धक्का लागेको र अधिक दुखी भएको यस दुखद समाचारबाट भनेका थिए। विश्वका मानिसहरुले डायनाको मृत्युबाट यस्तो दुखद धक्का महसुश गऱ्यो जस्तो कि १९६३ ई. मा जौन एफ कैनेडीको हत्याको बखत विश्वले महसुस गरेको थियो। न्यूयोर्कबाट प्रकाशित न्यूजवीक को सितम्वर १९९७ को अंकमा जोनाथन अल्टरले लेखेको थियो कि राजकुमारी डायना कुनै देशको राष्ट्रपति नभएर पनि उनको निधनबाट कुनै रिक्तता त भएको थिएन तर पनि उनको मृत्युबाट विश्वमा शोकको वातावरण छाएको थियो। जोनाथनले लेख्नु भएको थियो कि उनको चार्ल्स सँगको विहेको १६ वर्षभित्र उनी विश्वकी सबै भन्दा प्रसिद्ध महिला मात्र नभै विश्वका बजारमा सबै भन्दा बढी विक्री हुने पत्रपत्रिकाका आधार पनि बनेकी थिइन। अर्थात जुन पत्र पत्रिका उनको समाचार आउथ्यो। त्यो पत्रपत्रिका बढी विक्री हुने गरेको थियो। राजकुमार्री डायना लाखौंको हृदयलाई जितेकी थिइन।

# चीनीया इंटेलिजेंस सर्विसेजले चलाएको सुक्ष्म अपरेशन र साइबर अपराध



अनिल तिवारी

बितेको ६अप्रिल२०२२मा अमेरिकी साइबर सुरक्षा फ़र्म रिकार्डेड फ़्यूचरले एउटा आश्चर्यजन कुरा खुलासा गरेको थियो ।उसको आरोप थियो,चीनीया राज्यसत्ताले आफ्ना प्रायोजित हैकर्सको माध्यमबाट लद्दाखमा भारतको बिजली ग्रिडहरुलाई नै निशाना बनाएको छ । यी बिजली ग्रिडहरुमा माथीको आक्रमण चीनको साइबर जासूसी अभियानको एउटा टेलर मात्र थियो । उक्तजासुसी अभियानको मुख्य उदेश्य भारतको इलेक्ट्रोनिक संजाल माथीको अक्रमणसंगै त्यभित्र रहेको संकलित डाटालाई हत्याउनुनै मुख्य उदेश्य भएको भारतीय बुझाइ थियो ।यसका साथै पुन भविष्यमा युद्धको समयआइपर्‍यो भने त्यसलाई पुर्णरुपले निश्कृय पार्नसकिन्छ कि ?को तैयारी पनि हो ।

साइबर जासूसी मुहिम चीनको ठुलो वैश्वीक जासुसीको ठुलो रणनीतिको मुख्य भाग पनि हो ।मुख्यत लगभग एक दशक देखि चिन आफ्ना प्रतिद्धन्दि भारत, अमेरिक,जपान बृटेन लगायतका मुलुकहरुमाथी व्यवस्थित रूपले आक्रामक साइबर अप्रेशनहरु चलाउदै आएको उनीहरुको आरोप छ। यती मात्र होइन नीदरलैंड्स, यूनाइटेड किंगडम, आस्ट्रेलिया र अमेरिका जस्ता कतिपय मुलुक, वोडाफ़ोन र माइक्रोसाफ़्ट जस्ता व्यापारीक कम्पनिहरुका डाटा चिनद्धारा संकलित गरिएको आरोप छ ।अमेरिका र चिन दुबैले एक अर्का माथी साइबर आक्रमण गरिएको अरोप प्रतयारोप लगाउदै आएका छन् ।अमेरिकले चीन वैश्विक स्तरमा नै सघन रूपले से हैकिंगसंग सम्बन्धित हरेक गतिविधिमा लागेको आरोप लगाउदै आएको छ।

यति मात्र होइन सुरक्षा बाहेक चिनले स्वास्थ्य र संचार क्षेत्र लगायतका जनसेवी संरचना माथी पनि आक्रमण गर्दे आएको आरोप छ ।जसका माध्यमबाट व्यक्तिगत गपनियताहरुलाई समेत चिनले चोर्ने गरेका ` अमेरिकि कम्पनिहरुको गम्भिर आरोप छ । सन् २०२०को सुरुमा लिटिल पान्डाज़ वर्ल्ड एडवेंचर नामको एउा वीडियो गेम गुगलको प्ले स्टोर र एप स्टोरबाट हटाउनु पर्‍यो ।यो वीडियो गेम को निर्माण चीन स्थित झी योंग इन्फार्मेशन टेक्नोलोजीले गरेको थियो ।यस्तैं ड्रीमवर्क्स एनिमेशन र शंघाई स्थित पर्ल स्टूडियोद्वारा निर्मित फिल्म एबामिनेबललाई फिल्महाउनहरुबाट उटाउनु पर्‍यो ।यी दुबै घटनामा साउथ चाइना समुन्द्रमा चीनको दावेदारी हुने नाइन डैश लाइन दिखाइएको थियो ।यस्तै नेटफ्लिक्सको एउटा अर्को शो- पुट योर हेड आंन माय शोल्डरलाई पनि सेन्सर गर्नु किनकि त्यसमा पनि समुन्द्रमा नाइन डैश लाइन भएको नक्शा देखाइएको थियो । यसो त हुन सक्छ कि जनताको बीच लोकप्रिय संस्कृतिमा राजनैतिक कुराको कुनै खास असर नपर्न सक्छ ।तर,यसता कुनै झुठो कुरालाई पटक पटक प्रेशित गरियो भने ग़ैर-क़ानूनी दाबी पनि सांचो बनाउने कुरालाई ठुलो सहयोगी बन्न सक्छ।

तर पटक पटक यस्तो ग़ैर-क़ानूनी दाबीलाई साचो बनाउनु नै नेटफ्लिक्सको मुख्य उदेश्य हो ।यो अंतरराष्ट्रीय समुद्री क़ानूनको खुला उल्लंघन हो ।फैशन र जन संस्कृतिको माध्यमका यस्ता सांकेतिकभ्रमिति जानकारी जनताको मनाबिज्ञान र इतिहास तथा भूगोलको जानकारीलाइ प्रभावित गर्ने राष्ट्रिय जासुसी रणनिति हो । सैन्य बल होस वा त्यसको तटीय रक्षासंग सम्बन्धित कानून यो सबै कुरा मुख्य रुपमा चिनको त्यो उदेश्यका प्रमाणित गर्दछ जसको आधारमा आफ्नो क्षदम जासुसि अभियान चलाइ रहेको छ ।उक्त अभियान चीनले छिमेकमा मात्र नभइ उसले हिंद प्रशांत क्षेत्रमा र आफ्नो बेल्ट एन्ड रोड इनिशिएटिव (बीआरआइ)को माध्यमबाट पुरै यूरेशियामा आफ्नो प्रभाव क्षेत्र विस्तार अभियानमा लागेको छ ।'प्रभाव क्षेत्र स्वरूप' को मुख्य उदेश्य चीन आफ्नो राजनीतिक र कूटनीतिक असर मात्रै बढाइरहेको छैन ।त्योभन्दा पनि उसले आफ्ना अत्याधिक संसाधन, सेना, नौसेना र त्यसमा प्रयोग गरिने साइबर प्राविधिकमा प्रयोग गरिरहेको छ ।जसको माध्यमबाट उसको जासुसी सयन्त्र बनिलो बनेको छ।

चीन ठुलो रणनीतिक रुपले आफ्नो क्षेत्रीय महत्वाकांक्षाहरुलाई तिब्र गतिमा अगाडि बढाउदै आक्रामक रुपमा अघी बढेको छ ।जसमा दक्षिणी पूर्वी एशिया, चीन को लागी सबै भन्दा सजिलो लक्ष्य बनेको छ ।यसमा हिन्द प्रशांत क्षेत्रीय मुलकहरु होउन वा अन्य देश यसमा चीन आफ्नो जासुसी पकड बढाउदै गएको छ।

कुनै बेला स्लोमोसन कथानकमा आधारित फिल्मको एक उत्कृष्ट उदाहरण, तर एकै समयमा एक निश्चित अपराधी साजिश सोभियत जासूसी फिल्ममा पहिला खुबै देखिन्थे । निस्सन्देह, त्यहाँ धेरै मनपर्ने विशेष जासुसीय प्रभावहरू र अविश्वसनीय घटनाहरु एक्कासी सृजना हुन्थ्यो , तथापि, यी फिल्मीचित्रहरू, सोभियत युगीन छायांकनको अन्य उदाहरण, आराम र निरपेक्ष रूपमा भोग्ने एक उत्साहित राम्रो तरिका हुन्थ्यो ।ठिक यसै गतिमा अहिले चिनीया जासुसीकरण छिमेकमा बढेको छ ।जुन एशियाकै राजनैतिक समिकरणलाई उथल-पुथन पार्ने नराम्रो संकेतको सुचक पनि हो । भारत र चीनको द्विपक्षीय सम्बन्ध राजनैतिक समयको तापक्रम अनुसार शत्रुता, मित्रवत प्रतिस्पर्धा र सहकार्यको ढाँचाबाट अघि बढेकोलाई अन्यथा ठान्नु हुँदैन। तर दक्षिण एशियामा बढेको चिनीया हस्तक्षेपले राजनैति समिकरणमा अप्रत्यासित परिवर्तन ल्याउन सक्ने स्वभावीत दाबीलाई नकार्न सकिदैन। यो अभियान अन्तर्गतचिनको कतिपय षडयन्त्र मुलक सैन्य तथाकुटनैतिक रुचिलाई छिमेकमा स्थापित गराउने कार्यमा लागेको छ ,चीनी इंटेलिजेंस सर्विसेज(सीआईएस)।

कुनै पनि मुलुक आर्थिक, समाजिक र सांस्कृतिक



उन्नतीको दिशामा प्रयास गर्छ रयो अधिकार पनि छ,उसलाई। तर त्यसको लागि छिमेकि मुलुकको सम्प्रभुता लत्याउने कुरा असहय हुन जान्छ।

अरु मुलुकमा आफ्नो सैनिक वा कुटनैतिक सम्प्रभुता जमाउन खोजनु कुनै पनि अर्थमा उचित होइन । चिनको नेपाल,पाकिस्तान,बंगलादेश,श्रीलंका लगायतका छिमेकमा बढेको नांगो हस्तक्षेपका कारण भारत र चीन सम्बन्धमा पश्चिमा शक्ति प्रवेश गर्दै गएको परिदृश्यलाई नकार्न सकिदैन ।जसका कारण नेपाल लगायत साना मुलुकहरु वैदेशिक बिषय तथा राष्ट्रिय हितका मुदाहरु बढी जटिल बन्नु समय सपेक्ष लिन सकिन्छ । चीनको दक्षिण एशिया लगायत छिमेकमा बढको गुप्तचरी उदेश्यले छिमेकिमाझ ठुलो'त्रासदी' उत्पन्न हुनु स्वभावीक हो। चीनले बढाएका सक्रियताको बाछिटा एसिया मात्रै होइन विश्वका अधिकांस लोकतान्त्रि शक्तिहरुलाई एक थलोमा आउने बाध्यात्मक परिस्थिती पनि हो।

यो गुप्तचरी मायाजाललाई समझिदै, सुरक्षित रूपमा मान्न सकिन्छ कि चाइनिज गुप्चर संस्था सीआईएस भारतलाई टार्गेट गर्दै नेपाल लगायत दक्षिण एसियाको साना तथा छिमेकि मुलुकहरुमा आफ्नो ध्यान केंद्रित गर्दै अगाडि बढेको छ ।जसको परिणाम स्वरुप उसका केहि अपरेशनहरु बिगतका समयमा एकस्पोज भएका समाचार आउन थालेपछि सिआइएस केहि स्टेप पछाडि हटे पनि, त्यो उसको वास्वकिताको ट्रेलर मात्रै भएको कुरालाई नर्कान सकिदैन।.

**चीनीया वर्चस्वका प्रभाव**

चीनको विश्वव्यापी उपस्थित,गएको केहि दशकमा नाटकीय उछाल ल्याउनु साथै उसका इंटेलिजेंस एजेन्सिहरु विश्वको आंखाबाट ओझेलमा रहन राम्रो सफलता पाएका छन । युद्ध संचालनको आयामबाट हेर्नेहो भन्ने चाइनिज खुफीया अभियानहरुका जानकारीको कमी बर्तमान विश्व समुदाय माझ ठुलो चुनौती खडा गरेको छ । यसप्रकार चाइनीज़ इंटेलिजेंस सर्विसेज (सीआईएस) अहिलेसम्म पुरै विश्वलाई चक्कमा दिनमा सफल रहेनु साथै सर्वोच्च गोपनीयताका आख्यानलाई प्रचार प्रसार गर्दै आएको हो।

पारम्परिक दृष्टिकोणले सीआईएस विश्वको गुप्तचरी संस्थाहरु भन्दा फरक र पेचिलो संस्था मानिन्छ ।किन भन्ने, यसको रणनीति बालुवाको हजारौ कण जस्तै सुक्ष्मजालमा आधारित छ । यहि सिद्धान्त अन्तर्गत सीआईएस आफ्नो प्रोफेनल गुप्चरीहरुको आधारमा परम्परागतखर्चिलो जासूसी अपरेश भन्दा पनि, बाहिरीयाएजेन्ट र उच्च प्राविधिको माध्यमबाटकाम खर्चमा डाटा सकंलन गर्ने बाटो आगाल्दै आएको छ। जसमा चाइनिज कारोबारी, बिशेसिएका नागरिक, शिक्षाविद,मोबाइल एप्सलगायत अरु पनि कतिपय श्रोतद्वारा 'बृहद इनफर्मेटिभ' सूचनासंकल गर्ने कार्यहरु गरेको छ। विभिन्न माध्यमबाट आएका खबरलाई एक साथ मिलाएर(कम्पाइल्ड गरी ) 'इंटेलिजेंस अपरेशन' निर्माण गरिन्छ ।यस्ता संकलित सुचनाहरु चिनिया धारणाको आलोचना गर्नेर रणनैतिक बिरोधी तथा प्रतिस्पर्धी मुलुकहरुको काउन्टर र बिरोधाभासपुर्ण प्रोपगान्डामा खास गरेर प्रयोग गरिन्छ । जस्तै सिजिपिगंको अतिमहत्वकाक्षी योजनाको रुपमा रहेको बिआरआईको पक्ष र यसका बिरोधमा उठने अवाजहरुलाई दबाउन विभिन्न किसिमका दुस्प्रचार चलाउने सिआईएसको एउटा महत्वपुण रणनीती रहेको छ ।सीआईएस 'मल्टीपल प्रोफेशनल सिस्टम' ढांचाको रूपमा पनि हेर्ने गरेको छ ।जुन आंतरिक र बाह्य दुबै तरिकाबाट आईएसआर अथवा इंटेलिजेंस, रिकानसेंस र सर्विलांस ( खुफ़िया, टोही र निगरानी) संचालनको सबै कामहरु गर्दछ ।सिआइएसले संकल गरेको सबै सूचना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चीनले लिने सैन्य र कुटनैतिक बिषयमा निर्णयका कुरामा मुख्यत आधारित रहेको हुन्छ। विभिन्न बाहरी विश्लेषणको बावजुद, सीआईएस निश्चित रूपमा बढाउदै आएको आफ्नो व्यावसायिक जासुसिभूमिका र परम्परागत जासूसी चहलखेलका साथै पुरानो इंटेलिजेंस सेवाहरुलाई समेत अपनाउदै आएको हो। चीनको एकाधिकारवादी शासन सबै क्षेत्रमा सरकारी प्रभावको समर्थनमा आफना अजब-गजबका सिस्टमका साथ गुप्तचरी सेवा प्रदान गर्दै आएको सत्यतथ्य पनि हो।

**सीआईएसको गतिविधिहरु :-**

यसको गतिविधि'संचालनको महत्व केंद्रित दायरा' मा काम गर्ने सबै संस्थाहरुको कार्यशैलीबाट बुझिन सकिन्छ , जसको केन्द्रमा यीनीहरुका विभिन्न व्यावसायिक प्रणालीहरु र कार्यक्षेत्रमा यसको अन्य संभावित प्रभाव र चहना नै हुन्छ। यही अवधारणा सीआईएसको छद्मभेदी कामकाजलाई झलकाउने गरेको छ ।जुन काउंटर-इंटेलिजेंसमा कतिपय व्यावसायिक सिस्टमहरुलाई प्राथमिकता दिएको चलनछ ।जबकि एकाधिकारवादी देशको गतिविधिहरु संभावित असरको नीतिगत काउन्टमा पनि समावेस गरिएको हुन्छ।

**चाइना इंटेलिजेंस सर्विसेज (सीआईएस) र यसको जासुसी महत्वको कार्यक्षेत्र**

सीआईएसले आफ्नो मुख्य अनुशन्धानहरुमां सिविल र सैन्य दुबै एजेंसिहरु जोडेको हुन्छ। सबै भन्दा महत्वपूर्ण नागरिक एजेंसी केंद्रीय सुरक्षा मंत्रालय (एमएसएस) हो ,जसअन्तर्गत केंद्रीय मंत्रालय, प्रान्तीय डिवीजन र कतिपयप्रांन्तिय वा स्थानीयस्तरका एजेंसिहरुलाई समावेश गरिएको हुन्छ । एमएसएस मुख्य रूपमादेशको अन्तरिक सुरक्षाको लागी बाहरी र आन्तरिक ख़तरा पता लगाउने र भविष्यको लागी संभावित रणनैतिक प्रोफाइल तैयारी गर्नुका साथै विदेशीहरुको जासूसी गर्नमा केंद्रित रहेको छ । सार्वजनिक सुरक्षा मंत्रालय एमपीएस(मिनिस्ट्री आंफ पब्लिक सिक्योरिटी) संग आंतरिक र बाहरी सहायोगी शाखाहरु हन्छन् ।तर यो मुख्य रूपमा घरेलू इंटेलिजेंसमा केन्द्रित रहेको छ।. यूनाइटेड फ्रंट वर्क डिपार्टमेंटले पनि कतिपय अनुशन्धानात्मक कामहरु पनि बाहरी तथा आंतरिक दुबै जिम्मेवारी सम्हाल्ने गर्दछ । पीपुल्स लिबरेशन आर्मी (पीएलए) को मिलिट्री इंटेलिजेंस एजेंसिहरुमा प्रमुख खुफ़ीया इकाई पीएलए स्ट्रेटजिक सपोर्ट फ़ोर्स हो जुन खुफ़ीया, प्राविधिक सर्भिलांस, इलेक्ट्रानिक युद्ध, साइबर अपराध र रक्षा तथा मनोवैज्ञानिकयुद्धका ज़म्मेवारी हेर्दै आएको छ ।जनरल स्टाफ डिपार्टमेंट एवम जनरल पोलिटिकल डिपार्टमेंट पनि यसैको मुख्य कार्यभारमा पर्दछ।

सीआईएसको कार्यक्षेत्र दायरामाविभिन्न क्षेत्रका कामलाई आवरण बनाएर जासुसी समेस गरिएको हुन्छ ,जसले खुफीया जानकारी संकलन गर्ने गर्दछ ।उसको अन्य संस्थाहरुमां शिन्हुआ, न्यू चाइना न्यूज एजेंसी जस्ता सरकारी मीडिया तथा व्यपारिक संस्थान समेत सामिल रहेका छन् । जुन यस्ता सरकारी मिडिया सेन्टर तथा व्यापारि संस्थानहरु आफ्नो चार्टरमा खुफ़ीया गतिविधि सम्बन्धी जानकारीलाई लुकाएर मात्र प्रकाशित गरेका हुन्छन् । विदेशमा चाइनाले खोलेको विकास निर्माणका कार्यलय,एनजिओ,मैत्री संस्थान तथा शिक्षा मंत्रालय अन्तर्गत जस्ता अन्य विभागका समेत विदेशीलाई चीनीया नागरिकहरुसंग संपर्क राख्दै खुफ़ीया गतिविधिहरुमा सहभागी जोडेको हुन्छन। चीनको वैज्ञानिक र प्राविधिक सूचना संस्थानले चीनको आन्तरिक इंटेलिजेंस प्रसारलाई सुगम बनाउनुका लागी विदेशी टेक्नोलाजिकल प्रकाशनहरुलाई संकल गर्ने एउटा औपचारिक प्रणाली स्तम्भको रुपमा स्थापित रहेको छ ।सबै भन्दा महत्वपुर्ण कुरा यो छ कि,चाइना सरकार आफ्ना छिमेकि तथा विदेशी मुलकहरुमा आर्थिक जासूसी गर्नको लागी स्वदेसी व्यापारी तथा कारोबारीहरुलाई प्रोत्साहन राशि दिने गरेको छ ।नेपालमा आउने हरेक चाइनिज नागररिकलाई सरकारले ५करोड रुपैया विना व्याजव्यापार गर्न दिएको पठाउने नियम रहेको छ। चाइनिज कंपनियहरुयो यो रणनीतिक गतिशीलता शुरूमा पहिला इंटेलिजेंस कामसंग जोडिएको थिएन,तरसन् २०१७ मा नेशनल इंटेलिजेंस कानुनद्वारानै यस्तो गर्ने मजबूरीबनाइयो , जसको अनुच्छेद ७ र १४मास्पष्ट रुपमा भनिएको छ, कि चाइनिज कम्पनी र नागरिकहरुले ज़रूरत परेको बेला , देशको इंटेलिजेंस सेवालाईसाथ दिनु पर्दछ। यो क़ानूनलाई व्यापकता दिन चाइनिज टेलीकम्युनिकेशनको प्रसिद्ध कम्पनी हुआवेईको विरोध पछाडिको मुख्य कारण यो नै रहेको हो।

# ‘यो षड्यन्त्रपूर्ण स्वेच्छाचारी निर्णय हो’

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का नेता डा भीम रावलले पार्टीले विधिविपरीत गरेको टिकट वितरणको निर्णय प्रथम दृष्टिमै स्वेच्छाचारी रहेको बताएका छन् ।



नेता रावलले बिहीबार आयोजना गरिएको पत्रकार सम्मेलनमा अछाम क्षेत्र नं १ अन्तर्गतका स्थानीय तह र वडाबाट सिफारिस भइ आए पनि पार्टी नेतृत्वले आफूलाई टिकट नदिएर कार्यकर्ताको अपमान गरेको बताए । उनले भने, ‘मैले स्वाभिमान, सुशासन र न्यायका पक्षमा उठाएको आवाजमा ऐक्यबद्धता जनाउँदै आएकाले मलाई टिकटबाट वञ्चित गरिएको छ, मैले निर्वाचन क्षेत्रमा असोज ७ गते आयोजना गरेको भेला नेतृत्वले रोक्न खोजेको थियो, मलाई निर्वाचनमा हराउन सकिँदैन भन्ने प्रतिवेदन आएपछि टिकट दिइएन, यो षड्यन्त्रपूर्ण स्वेच्छाचारी निर्णय हो’ ।

उनले भने,‘पार्टी अध्यक्ष केपी शर्मा ओली संवेदनशील विषयमा छलफल हुँदा पनि संसदमा जानुभएन, आफूलाई बोल्न मन लागेका बेलामात्र जानुभयो, पार्टी सिद्धान्त र नीति उहाँले अनुसरण गर्नुभएन, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग आधाआधा समय प्रधानमन्त्रीको गोप्य सहमति गरेर ओलीले मुख्य गल्ती गर्नुभयो, त्यहाँबाट धेरै समस्या आए ।’

सवारी साधनबाट देवनागरी लिपि हटाउने, युनिफिकेसन चर्चका नाममा ओली प्रधानमन्त्री निवासबाट होटलमा डेरा सरेर होलीवाइन खुवाउने, एमसिसी प्रकरण, प्रतिनिधिसभा विघटन असंवैधानिक भएको लगायत विषयको विरोध गरेकाले आफूलाई तारो बनाइएको उल्लेख गर्दै नेता रावलले स्वाभिमान र राष्ट्रियताका पक्षमा विचार राखेकैले टिकटबाट वञ्चित गरिएको बताए ।

ओली नेतृत्वको सरकारले कालापानी, लिम्पियाधुरा र लिपुलेक समावेश भएको नक्शा प्रकाशन नगरेर पनि गल्ती गरेको छ । पार्टीमा नाफाखोरलाई जिम्मेवारी दिइएको उल्लेख गर्दै उनले पहिले नेकपा र पछि एमाले विभाजनको मुख्य दोषी पनि नेतृत्वमा भएकाले ओली नै रहेको निष्कर्ष सुनाए ।

नेता रावलले भने,‘ओलीले आफैं समस्याको भुमरी सिर्जना गरेर दोष अरुलाई थोपर्न टिकट वितरणमा स्वेच्छाचारी निर्णय गर्नुभयो, बहुमतप्राप्त सरकारलाई पार्टी नीति अनुरूप चलाउने जिम्मेवारी पूरा गर्न नसक्नु ओलीकै दोष हो’ ।

युनिफिकेसन चर्चको होलीवाइन प्रकरणपछि देशव्यापी रूपमा संस्कृतिविरुद्ध आक्रमण भएको उल्लेख गर्दै उनले धर्मान्तरणका काम भएकाप्रति जिम्मेवार निकायको गम्भीर ध्यानाकर्षण हुनुपर्ने बताए । आफूले पाँच दशक पसिना बगाएको एमाले पार्टी नछोड्ने उल्लेख गर्दै नेता रावलले स्वेच्छाचारी निर्णयको भने समयको गति र पार्टीको मतिअनुसार विरोधमा उत्रिने विचार राखे । पार्टीमा राजनीतिक र वैचारिक सङ्घर्ष जारी राख्ने घोषणासमेत उनले गरे ।

पाँच दशक पार्टीमा योगदान गरेका घनश्याम भुसालको क्षेत्रमा पार्टी नेता, कार्यकर्तालाई प्रताडित गर्ने कित्ताका दीपक बोहरालाई टिकट दिएपछि भुसालले स्वतन्त्र उठ्न गरेको निर्णय सही रहेको विश्लेषण पनि उनले पत्रकार सम्मेलनमा सुनाए ।

# चुहावटको अभियोगमा मुद्दा

**टुडे समाचारदाता**

काठमाण्डु । राजस्व अनुसन्धान विभागले राजस्व चुहावटसम्बन्धी अपराध गरेको अभियोगमा बाग्लुङ नगरपालिका-७ का सरोज विश्वकर्मा र अम्मर विश्वकर्माविरुद्ध बिहीबार उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीको टोलीले अम्मरको साथबाट केही समय पहिले बिलबिजक तथा भन्सार प्रज्ञापनपत्र लगायतका कागजात नभएको अवस्थामा दुई सय ३८ ग्राम सुनका तीन थान सिक्री बरामद गरी थप अनुसन्धानका लागि विभागमा पेश गरेको थियो ।

बरामद भएको सुनका सिक्री आफ्नो भएको दाबीसहित सरोज विभागमा उपस्थित भएका थिए । अनुसन्धानका क्रममा ती सुनको गहना राजस्व छलीको भएको पुष्टि भएको छ ।

विभागले उनीहरूविरुद्ध रु १८ लाख ९४ हजार दुई सय बराबरको बिगो दाबीका साथ कैद सजायको माग गरेर मुद्दा दायर गरेको बिहीबार एक विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

# दुई तिहाई बहुमत आउँछ : वरिष्ठ नेता पौडेल

डुम्रे । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सत्तारूढ गठबन्धनको दुई तिहाई बहुमत आउने दाबी गर्नुभएको छ । नेपाली कांग्रेस क्षेत्र नम्बर १ तनहुँले आज बिपी स्मृति भवन दमौलीमा गरेको अगुवा कार्यकर्ता अन्तरक्रिया कार्यक्रममा उहाँले दुई तिहाई बुहमत ल्याउनैका लागि गठबन्धन भएको बताउनुभयो ।



संविधान, गाउँको अधिकार, दलित, महिला, अल्पसङ्ख्यक, उपेक्षित वर्ग, जनजातिले पाएको अधिकार रक्षाका लागि गठबन्धन अपरिहार्य रहेको उहाँको भनाइ थियो । “नेपालको संविधानको रक्षा र प्रतिगमन विरुद्धको लडाइँका लागि गठबन्धन आवश्यक परेको हो’, वरिष्ठ नेता पौडेलले बताउनुभयो । उहाँले कार्यकर्तालाई अधिनाकवाद विरुद्ध लड्न गाउँ-गाउँमा पुगेर गठबन्धनका उम्मेदवारलाई जिताउन लाग्न कार्यकर्तालाई आग्रह गर्नुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले जनताको लामो सङ्घर्ष, त्याग र बलिदानीले प्राप्त लोकतान्त्रिक अधिकारलाई समाप्त पार्ने खेलका विरुद्ध सत्तारूढ गठबन्धनका उम्मेदवारलाई विजय गराउन कार्यकर्तालाई आग्रह गर्नुभयो । कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का पोलिटब्युरो सदस्य तथा तनहुँ क्षेत्र नं १ को ‘ख’ का उम्मेदवार हरिबहादुर चुमानले गठबन्धनले जनताको अधिकार रक्षा गर्न सकेको उल्लेख गर्दै गठबन्धनकै नेतृत्वमा पुनः सरकार बनाउन चुनावी तालमेल गर्नुपरेको बताउनुभयो ।रासस

# गैंडाको मृत्यु

**टुडे समाचारदाता**

भरतपुर । चितवनमा करेन्ट लागेर एक गैंडाको मृत्यु भएको छ। बिहीबार खैरहनी नगरपालिका-१२ इचर्नी खोलानजिक रहेको बझ्गुरफार्ममालगाइएकोबिजुलीको तारमा करेन्ट लागेर गैंडाको मृत्यु भएको हो ।


चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार अन्दाजी पाँच/छ वर्षको भाले गैंडा मरेको हो ।

सो ठाउँमा चितवन राष्ट्रिय निकुञ्जबाट प्राविधिकको टोली पठाइएको र थप अनुसन्धान भइरहेको आचार्यले जानकारी दिए । कुमरोज सामुदायिक वनका अध्यक्ष गणेश श्रेष्ठले करेन्ट लागेर गैंडा मरेको बताए । बझ्गुर फार्ममा नाङ्गो बिजुलीको तार लगाइएको र त्यसैबाट करेन्ट लागेको श्रेष्ठले बताए । यो आर्थिक वर्षमा यससँगै दुई गैंडाको मृत्यु भएको छ । चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो तथ्याङ्कानुसार छ सय ९४ गैंडा छन् ।

# ‘लोकतन्त्र र समृद्धिका लागि लोकतान्त्रिक गठबन्धन’

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डु निर्वाचन क्षेत्र नं ८ मा वाम-लोकतान्त्रिक गठबन्धनले प्रचार-प्रसार समितिको कार्यालय स्थापना गरेको छ ।



नागार्जुन-४ स्थित बाफलमा स्थापना गरिएको कार्यालयको शुभारम्भ गर्दै पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराईले संविधान, लोकतन्त्र र समृद्धिका लागि वाम-लोकतान्त्रिक गठबन्धन निर्माण गरिएको बताएका छन् ।

मुलुकमा प्राप्त भएका राजनीतिक उपलब्धिको रक्षा गर्न प्रतिक्रान्तिविरुद्ध निर्माण भएको वाम-लोकतान्त्रिक गठबन्धन प्राकृतिक र स्वभाविक भएको बताउँदै उनले ‘स्वतन्त्र उम्मेदवारी’ लोकतन्त्रविरोधी प्रवृत्ति रहेको बताए । अहिलेको व्यवस्थामा दलको विकल्प अर्को दल हुने विचार व्यक्त गर्दै पार्टीको विकल्प खोज्दा निर्दलीय र अधिनायकवादीको उदय हुनसक्ने खतरा औंल्याए ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं काठमाण्डु निर्वाचन क्षेत्र नं ८ बाट गठबन्धनका उम्मेदवार जीवनराम श्रेष्ठले देश, संविधान र लोकतन्त्र जोगाउन वाम-लोकतान्त्रिक गठबन्धनको भूमिका महत्वपूर्ण रहेकाले आसन्न निर्वाचनमा लोकतन्त्र र संविधान पक्षधरलाई जनताले विजयी गराउनेबताएका छन्।

काठमाण्डु निर्वाचन क्षेत्र नं ८ ‘ख’का उम्मेदवार अमिन पाण्डेले संविधानको रक्षा गरी प्राप्त उपलब्धि जोगाउन गठबन्धन गरिएको बताएका छन् । प्रचार कार्यालयमार्फत अब चुनावकेन्द्रित प्रचारका काम गरिने कांग्रेस नेता लक्ष्मीराम शर्माले बताए ।

# कर्मचारीलाई कारवाहीका लागि निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आचारसंहिता विपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारवाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिएको छ ।

आयोगको निर्देशनबमोजिम कारवाही नगर्ने कार्यालय प्रमुखहरूलाई निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगको सचिवालयले कारवाही प्रारम्भ गर्ने पनि आयोगले निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

राजनीतिक दल तथा उम्मेदवारबाट हुन सक्ने निर्वाचन आचारसंहिता उल्लङ्घन तथा निर्वाचन खर्चका सम्बन्धमा आफ्ना स्थानीय संरचना परिचालन गरी सूक्ष्म अनुगमन गर्न र सोको विवरण आयोगमा उपलब्ध गराउन नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई आयोगले निर्देशन दिएको छ ।

# आचारसंहिताबारे दलहरूलाई जानकारी

**टुडे समाचारदाता**

चितवन । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लामा रहेका दल र तीनका प्रतिनिधि एवं सरोकारवालालाई निर्वाचन आचारसंहिताका बारेमा जानकारी गराएको छ ।




दलबाट उम्मेदवारी दिएका तथा स्वन्त्ररूपमा उम्मेदवारी दिएका उम्मेदवारले निर्वाचनको पालना गर्नुपर्नेबारे जानकारी गराइएको हो । निर्वाचनलाई निष्पक्ष, स्वच्छता, पारदर्शी तथा भयमुक्त वातावरण बनाउन आचारसंहिताबारे जानकारी दिइएका छन् ।

आचारसंहिताबारेमा जानकारी दिँदै मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाले दल र उम्मेदवारले आमसभा गर्दा सभ्य तवरले जुलुस, आमसभा, भेला गर्नुपर्ने, कसैको घरपरिवारको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नपाइने, निर्वाचन चिह्न वा झण्डा अङ्कित स्टिकर, कपडा, ब्याच, मास्क, लकेट वा झोला बोक्न नहुने, निजी घरजग्गा वा सार्वजनिक स्थानमा निर्वाचन चिह्न, दलको झण्डा टाँस्न वा राख्न नपाइने जानकारी दिएका छन् ।

प्रचार-प्रसार बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्न पाइने, बालबालिकाको प्रयोग गर्न नपाइने, ७५ ग्रामको कागजमा तीन सय वर्ग इन्चको एउटै रङ र मुद्रकको नामसहितको पर्चा प्रयोग गर्नुपर्ने, तीन-चार फिटको झण्डा र सोही नापको चुनाव चिह्न राख्नुपर्ने सो अवसरमा जानकारी गराइएको थियो ।

कात्तिक १७ गतेदेखि मात्र जुलुस,आमसभा, कोणसभा, घरदैलो कार्यक्रम गर्नुपर्ने भोजभतेर, नगद वा जिन्सी वितरण गर्न नपाइने, निर्वाचन अधिकृतको अनुमतिले दुईवटा सवारीसाधन मात्रै प्रयोग गर्न पाइने सो अवसरमा जानकारी दिइएको थियो । सञ्चारमाध्यममा प्रचार-प्रसार गर्दा प्रदेशसभाको एक घण्टाको अन्तरालमा बढीमा तीनपटक र प्रतिनिधिसभाको सदस्यका लागि चारपटक एक मिनेटको प्रचार सामग्रीमात्र प्रचार गर्नुपर्ने निर्वाचन अधिकृत थापाले बताए । पत्रपत्रिकामा बढीमा सात-सात इन्चसम्मको प्रचार सामग्री छाप्न पाइने र विदेशी सञ्चारमाध्यमबाट प्रचार-प्रसार गर्न नपाइने आचारसंहितामा उल्लेख छ ।

निर्वाचनका लागि उम्मेदवारले छुट्टै खाता खोल्नुपर्ने र रु २५ हजारभन्दा बढी सहयोग लिँदा बैंक खातामा खोल्नु पर्ने आचारसंहितामा उल्लेख छ । सो अवसरमा प्रमुख जिल्ला अधिकारी अस्मान तामाङसहित सुरक्षा निकायका अधिकारीहरू र दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# मधेशीको अधिकार,पहिचान र प्रतिनिधित्व सुनिश्चि गराउने छु : अली

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा क्षेत्र नम्बर ३ ‘ख’ मा तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) बाट प्रदेश सभाका उम्मेदवार असगर अलीले आफ्नो उम्मेदवारी मधेशी जनताको अधिकार र पहिचान स्थापितका साथै समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चितताका निम्ति रहेको बताएका छन् ।

घर दैलो कार्यक्रमको क्रममा संचारकर्मीसँग आफ्नो प्रतिक्रिया दिदैं विगतमा कथित मधेशी दलहरुलाई जनताले जिताएर सरकार बनाउनसम्म पुर्‍यायो। तर ती दलबाट जितेका नेताहरु मन्त्री र सांसद पदमा जाँदा काम गर्नुभन्दा भ्रष्टाचारलाई बढावा दिएको छ।

मधेश आन्दोलनको जगमा बनेको ती दलका मन्त्रीहरु जनताको भावना अनुकूल अधिकार र पहिचान स्थापित तथा समानुपातिक समावेशी प्रतिनिधित्वमा केही काम नगरी भ्रष्टाचारलाई मलजल दिदै कार्यकर्ता पाल्ने काम मात्र गरेका छन् ।

अब मधेशी जनताको अधिकार र पहिचान स्थापित गर्ने तराई मधेश लोकतान्त्रिक पार्टीले मात्रै सम्भव हुने भएकोले जनताको भावना अनुरुप आफूले सो पार्टीबाट धनुषा क्षेत्र ३ ‘ख’ बाट उम्मेदवारी दिएको छु र पुरा पनि गर्नेछु ।

अलीले भने आफू जितेपछि शिक्षा र स्वास्थ्यमा रहेका बेथिति अन्त्य गर्नेछु । यसका साथै धार्मिक र सांस्कृतिक पर्यटनको विकासमा स्तरोन्नति र सुधार ल्याउने पदीय हिसाबले प्रयास गर्नेछु । उनले सप्तरीको छिन्नमस्तादेखि जनकपुरधामसहित बाराको गढीमाइसम्मका धार्मिक सांस्कृतिकसंग जोडिएका मठ मन्दिर र मस्जिदको स्तरोन्नति र पर्यटकीय विकासमा जोड दिन संघदेखि प्रदेश र स्थानीय तहमा जोड दिने बताए ।

यसका साथै बेरोजगारी समस्या समाधान र लागू औषधले फैलिँदै गएको विकृत्ति रोक्न आम जनमानसमा सचेतनाका लागि कानून निर्माण गरेर अघि बढने प्रयास गर्नेछु अलीले बताए ।

तमलोपाबाट उम्मेदवार अली तत्कालीन जनकपुरधाम नगरपालिकाका उपमेयर समेत भइसकेका छन्। उनकै कार्यकालमा जनकपुरधाममा रहेको सांघुरो सडकलाई फराकिलो काम पहिलो पटक शुरुवात गरिएको थियो ।

# आचारसंहिता उल्लङ्घनका विषयमा आयोग दण्डात्मक हुने

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि जारी आचारसंहिताको उल्लङ्घन गरेको पाइए निर्वाचन आयोग दण्डात्मक हुने भएको छ ।




आयोगबाट गठित केन्द्रीय निर्वाचन अनुगमन समितिको आजको पहिलो बैठकले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्ने र गराउने निर्णय गरेको हो ।

बैठकमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आचारसंहिताको उल्लङ्घनलाई ठाउँको ठाउँ कारबाही गर्न केन्द्रीय र जिल्लास्थित आचारसंहिता अनुगमन समिति र अनुगमन अधिकृतलाई निर्देशन दिइएकाले कारबाहीका लागि कुनै सङ्कोच नराख्न निर्देशन दिनुभयो ।

उहाँले आचारसंहिताको उल्लङ्घनको विषयलाई गम्भीरताका साथ लिई समिति र बैठकमा छलफल गरेर समय खेर नफाली प्रारम्भमै स्पष्टीकरण सोधेर एक्सन सुरु गर्न आग्रह गर्नुभयो । समितिका संयोजक एवं आयुक्त रामप्रसाद भण्डारीलेसुधार र सचेतनाको ढाँचाबाट जाँदा आचारसंहिताको पालनामा चुनौती देखिएको विगतको अनुभवका आधारमा यसपटक कडाइका साथ लागू गरिने बताउनुभएको हो ।

उहाँले भन्नुभयो, “यसपटक आयोग आचारसंहिता उल्लङ्घनका विषयमा कुनै सम्झौता नगरी दण्डात्मकरूपमा अघि बढ्नेछ ।’ आयुक्त भण्डारीले राजनीतिक दल तथा उम्मेदवारबाट हुनसक्ने निर्वाचन आचारसंहिता उल्लङ्घन तथा निर्वाचन खर्चका सम्बन्धमा आफ्ना स्थानीय संरचना परिचालन गरी सूक्ष्म अनुगमन गर्न र सोको विवरण आयोगमा उपलब्ध गराउन नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई आयोगले निर्देशन दिनेबारे बिहीबार निर्णय भएको जानकारी दिनुभयो ।

उहाँले निर्वाचन आचारसंहिताविपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारवाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिएको पनि स्पष्ट गर्नुभयो । बैठकले उम्मेदवार तथा राजनीतिक दलले निर्वाचनमा खर्च गर्दा आयोगले तोकेको सीमाभित्र रही खर्च गरे नगरेको र निर्वाचन आचारसंहिता पालना भए नभएको सम्बन्धमा तल्लो तहबाट नै निगरानी गर्नुपर्ने भएकाले उम्मेदवार तथा राजनीतिक दलले निर्वाचनमा गरेको खर्च तथा आचारसंहिता पालनाको सम्बन्धमा गहन तथा सूक्ष्मरूपमा अध्ययन तथा निगरानी गरी निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई लेखी पठाउने निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

आयोगले कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न सबै जिल्लाका निर्वाचन आचारसंहिता अनुगमन अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख)लाई निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (२) मा सो दफाको उपदफा (१) को खण्ड (ज) विपरीत कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सडकका खम्बा वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राखेमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही हुने स्पष्ट व्यवस्था भएको स्मरण गराएको छ ।

आचारसंहिता तथा निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ विपरीत त्यस्तो प्रचार सामग्री राखिएको, भित्ते लेखन गरिएको, तुल ब्यानर टाँगिएको, डिजिटल डिस्प्ले गरिएको, पर्चा टाँसिएको अवस्थामा सम्बन्धित उम्मेदवारलाई स्पष्टीकरण सोधी चौबिस घण्टाभित्र त्यस्तो सामग्री हटाउन वा त्यस्तो स्थान दुरुस्त गर्न लगाउने र सोबमोजिम नगरेमा निजलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) वा (४) बमोजिम जरिवाना गर्ने तथा उम्मेदवारी रद्द गर्ने कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधी कारबाहीका लागि सिफारिस साथ आयोगमा लेखी पठाउन पनि आयोगले निर्देशन दिएको छ ।रासस

# केन्द्रीय कार्यसम्पादन समितिको बैठक आज

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठक शुक्रबार(आज) बस्ने भएको छ । पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले बिहीबार एक विज्ञप्ति जारी गरी बैठक शुक्रबार दिउँसो २ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्न लागेको जानकारी दिए ।



कांग्रेसले बैठकमा उपस्थित हुनका लागि केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी एवं सदस्यलाई निर्देशानुसार अनुरोधसमेत गरेको छ ।

# राष्ट्रसङ्घमा पाकिस्तानको आलोचना



**एएनआई**

न्यूयोर्क । संयुक्त राष्ट्रसङ्घको महासभामा रूसमाथिको बहसका क्रममा पाकिस्तानले कश्मीर मुद्दा उठाएपछि भारतले त्यसको आलोचना गरेको छ । भारतले पाकिस्तानको टिप्पणीलाई निरर्थक भन्दै त्यसको कडा शब्दमा आपत्ति जनाएको छ ।

रूस-युक्रेन युद्धलाई लिएर बुधबारको महासभा बैठकमा मस्कोविरुद्ध प्रस्तुत प्रस्तावमाथिको छलफलमा भाग लिँदै पाकिस्तानी कूटनीतिज्ञ मुनिर अक्रमले कश्मीरको मुद्दा उठाएपछि भारतले त्यसको प्रतिवाद गरेको हो ।

मतदानअघि मन्तव्य व्यक्त गर्दै पाकिस्तानका कूटनीतिज्ञले रूसले युक्रेनी भूभाग कब्जा गरेझै भारतले पनि पाकिस्तानी भूमि कश्मि कब्जा गरेको आरोप अप्रत्यक्षरूपमा लगाएपछि संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रूचिरा कम्बोजले भारतविरुद्ध तुच्छ एवम् व्यर्थ टिप्पणी गरिएको बताइन् । जम्मु र कश्मीरको सम्पूर्ण क्षेत्र भारतको अभिन्न अङ्ग हो र त्यो सधैं भारतमा नै रहने बताउँदै उनले पाकिस्तानलाई सीमापार आतङ्कवाद रोक्न आह्वान गरिन् ।

संयुक्त राष्ट्रसङ्घले चार युक्रेनी क्षेत्रलाई रूसले गाभेको निन्दा गर्न प्रस्तुत गरेको प्रस्तावमाथिको मतदानका बेला अनुपस्थित रहेको भारतले राष्ट्रसङ्घका सिद्धान्तको पालना हुनुपर्नेमा जोड दिएको छ । बुधबार भएको मतदानमा एक सय ४३ देशले प्रस्तावको पक्षमा आफ्नो मत जाहेर गरेका थिए । भारतसहित ३५ देश भने मतदानका बेला अनुपस्थित रहेका थिए । प्रस्तावको विपक्षमा पाँच देशले मतदान गरेका थिए । यद्यपि भारतले युक्रेनमा नागरिक पूर्वाधारलाई निशाना बनाएर सर्वसाधारणको ज्यान जाने गरी द्वन्द्व बढेकामा गहिरो चिन्ता व्यक्त गरेको छ ।

युक्रेन युद्ध तत्काल अन्त्य हुनुपर्ने तथा त्यस निम्ति वार्ता र कूटनीतिको बाटोमा सम्बद्ध पक्ष अग्रसर हुनुपर्नेमा पनि भारतले जोड दिएको छ । "तत्काल युद्धविराम र द्वन्द्वको समाधान गर्न शान्ति वार्ताको शीघ्र पुनःशुरुवातको लागि इमानदार प्रयास हुनुपर्छ, तनाव कम गर्ने उद्देश्यले हुने सबै प्रयासलाई भारत समर्थन गर्न तयार छ," भारतीय स्थायी प्रतिनिधिले भनिन् ।

# 'च्याम्पियन' बन्ने धोको !

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकको प्रमुख सुरक्षा अङ्ग नेपाली सेनाले पोखरामा जारी नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पुनः 'च्याम्पियन'को उपाधि जित्ने दाबी गरेको छ ।



बाह्रै महिना तालिम, खेलकुद पूर्वाधार, व्यवस्थापन र प्रशिक्षणसहितको तयारीस्तरलाई हेर्दा 'च्याम्पियन'को इतिहास आफनो टोलीले सहजरुपमै दोहोऱ्याउने नेपाली सैनिक शारीरिक तालिम तथा प्रशिक्षण केन्द्रका प्रमुख महासेनानी मुनाल बस्नेतले दाबी गरे । यसअघि सम्पन्न राष्ट्रिय खेलकुद प्रतियोगिताका सातौँ र आठौँ संस्करणमा सेनाको त्रिभुवन आर्मी क्लब 'च्याम्पियन' बन्न सफल भएको थियो ।

उनले भने, "तालिमको स्तर हेर्दा अघिल्लोभन्दा यसपाली प्रदर्शन राम्रो हुन्छ, नतिजा पनि राम्रो हुने अपेक्षा छ । राष्ट्रिय खेलकुद प्रतियोगिता देशभित्र खेलको सबैभन्दा ठूलो समारोह हो । अन्य टोलीका तुलनामा पूर्वाधार र व्यवस्थापन चुस्त छ, खेलाडी अब्बल छन्, च्याम्पियनको इतिहासको वर्चश्व कायम राख्न कोसिस गर्छौं ।"

संघीय संरचनाका आधारमा हुँदैआएको राष्ट्रिय खेलकुद प्रतियोगिता यस पटक भने प्रादेशिक संरचनामा हुन लागेकाले विभागीय टोलीलाई प्रादेशिक टोलीको कडा चुनौती सामना गर्नुपर्ने देखिएको छ । सेनाले प्रतिस्पर्धामा पदक आफ्नो पक्षमा पार्न सामूहिकभन्दा व्यक्तिगत खेल विधातर्फ बढी ध्यान केन्द्रित गरेको छ । मुलुक सङ्घीयतामा प्रवेश गरेसँगै खेलकुदप्रतिको सर्वत्र चासो र रुचि बढेको हुँदा प्रतिस्पर्धा र गुणस्तरी खेलाडी उत्पादनमा निकै प्रभावकारी नतिजा हासिल हुने विश्वास गरिएको छ ।

पछिल्लो समय खेलकुदको विकासका लागि प्रादेशिक र स्थानीय तहमा समेत विभिन्न संरचना र कार्यक्रम विकास तथा विस्तार हुँदैगएको छ । सेनाले टोलीलाई जिताउन मात्र केन्द्रित नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीको पहिचान र उत्पादनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सेनाले गण्डकी प्रदेशको राजधानी पर्यटकीय नगरी पोखरामा जारी उक्त प्रतियोगिताका लागि खेलाडी, प्रशिक्षक, अफिसियल र प्रतिनिधि गरी सात सय २८ जनशक्ति पठाएको छ । प्रतियोगिता अन्तर्गत सेनाले फुटबल, एथलेक्टिस, बक्सिङ, तेक्वान्दो, कराते, भारत्तोलन, भलिबल, टेवल टेनिस, कबड्डी, कुस्ती, ब्याडमिन्टन, उसु, जुडो, बास्केट बल, बुद्धिचाल, आइटिएफ तेक्वान्दो, ह्याण्ड बल र स्क्वासमा प्रतिस्पर्धा गर्ने छ ।

त्रिभुवन आर्मी क्लबका खेलाडी हक्की, सुटिङ, जिम्न्याष्टिक, लन-टेनिस, क्रिकेट, साइक्लिङ, आर्चरी, सेपाताक्रो, खोखो, फेन्सिङ, ट्रायथलन, पौडी, शारीरिक सुगठन, गल्फ, प्याराग्लाइडिङ, सफट टेनिस र रग्बीमा अन्य टोलीका खेलाडीसँग सशक्तरुपमा भिड्ने छन् ।

प्रतियोगिताका लागि तय भएका स्वर्ण तीन सय ९३, रजत तीन सय ९३ र कास्य छ सय पदकमध्ये कम्तीमा पनि एक सय ४० स्वर्ण, ८२ रजत र ७५ कास्य जित्ने सेनाले दाबी गरेको छ । सेनाले यस पटक जिम्न्यास्टिक, पौडी, कराते, तेक्वान्दो, दौड, टेनिसलगायतका खेल विधामा बढी पदकको अपेक्षा गरेको छ ।

यसअघि आठौँ प्रतियोगितामा सेनाका खेलाडीले एक सय ४८ स्वर्ण, ८७ रजत र ७२ काँस्य पदक हात पारेको थियो । यस प्रतियोगिताका लागि क्लबले दुई सय ७५ महिला खेलाडीसमेत पठाएको छ । तेह्रौं साफ खेलकुदमा नेपालले प्राप्त गरेका दुई सय सात पदकमध्ये सेनाका खेलाडीले मात्रै एक सय तीन पदक जितेका थिए ।

साफमा नेपालको प्रतिनिधित्व गरी पदक प्राप्त गर्ने अधिकांश खेलाडी नवौँ राष्ट्रिय खेलकुदमा सहभागी रहेकाले पनि सेनाले विगतको रेकर्ड सुरक्षित राख्ने दाबी गरेको हो । अन्य टोलीका तुलनामा नियमित अभ्यास र प्रशिक्षण गर्दै आएका सेनाका खेलाडीका लागि प्रत्येक युनिटका साथै लगनखेल र सैनिक मुख्यालय परिसरमा सुविधा सम्पन्न प्रशिक्षण केन्द्र र खेलमैदान समेत छ ।

# आतङ्कारी आक्रमणमा चार जना मारिए



**सिन्ह्वा**

याउण्डे । आतङ्ककारी समूह बोको हरामले क्यामरुनको सुदूर उत्तरी क्षेत्रमा एउटा समुदायमा आक्रमण गर्दा कम्तीमा चार जना सर्वसाधारणको मृत्यु भएको स्थानीय र सुरक्षा स्रोतले बताएका छन् ।

सो हमला क्षेत्रको टुरो जिल्लाको मौताज गाउँमा सोमबार राति भएको हो । नाम नबताउन आग्रह गर्ने एक सेना अधिकारीले सिन्ह्वालाई भने कि आतङ्कवादीले सेनासँग मिलेर नागरिक समुदायमाथि आक्रमण गरेका थिए ।

नाइजेरियासँगको सिमाना बाँड्ने टुरोउमा थप सिपाही तैनाथ गरिएको छ यस क्षेत्रका बारम्बार बोको हरामको आक्रमणबाट पनि समस्याग्रस्त भएको अधिकारीले जानकारी दिएका छन् ।

# उत्तरकोरियाद्वारा लामो दूरीको क्षेप्यास्त्र परीक्षण

**एएनआई**

प्योङयाङ । उत्तरकोरियाले लामो दूरीका दुई वटा क्षेप्यास्त्र परीक्षण गरेको छ । यो परीक्षण रणनीतिक आणविक हतियारको सञ्चालनका लागि तैनाथ गरिएका लामो दूरीका क्षेप्यास्त्रको क्षमता बढाउने उद्देश्यले गरिएको कोरियाली केन्द्रीय समाचार समितिले जनाएको छ ।

उत्तरकोरियाली नेता किम जोङले परीक्षणको परिणामप्रति सन्तुष्टि जनाउँदै राष्ट्रिय सेनाको अथक प्रयास र आणविक क्षमता विकास गर्न उनीहरूले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभएको छ । अमेरिका, दक्षिणकोरिया र जापानले हालै गरेको संयुक्त सैन्य अभ्यासको प्रतिक्रियास्वरूप प्योङयाङले लामो दूरीका क्षेप्यास्त्र परीक्षण गरेहो हो ।

उत्तरकोरियाली नेता किमले विगत केही दिनदेखि देशको रणनीतिक आणविक सञ्चालन एवम् प्रशिक्षणका निम्ति निर्देशन दिनुभएको थियो । देशको अज्ञातस्थलमा ती क्षेप्यास्त्र परीक्षण गरिएका हुन् । यो परीक्षणले कोरियाली प्रायःद्वीपमा तनाव बढाएको छ । उत्तरकोरियाले जापान, दक्षिणकोरिया, संयुक्त राज्य अमेरिकालगायत देशले क्षेप्यास्त्र तथा अन्य आणविक हतियार विकास नगर्न गरेको अनुरोधलाई वेवास्ता गर्दै आएको छ ।

# खेल मैदान स्तरीय नभएको गुनासो

गण्डकी । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत बिहीबारदेखि हक्की प्रतियोगिता सुरु हुँदैछ ।

पुरुषतर्फको खेल हेम्जाको गौरीशङ्कर खेल मैदानमा तथा महिलातर्फको खेल गण्डकी बोर्डिङ स्कुलमा सञ्चालन हुन लागेको छ । हक्की प्रतियोगिताका लागि बुधबार हेम्जाको गौरीशङ्कर खेल मैदान व्यवस्थापन गर्नेलगायत काम सम्पन्न भएएको नेपाल हक्की सङ्घका केन्द्रीय उपाध्यक्ष हिमाल खड्काले जानकारी दिनुभयो ।

गए राति अबेरसम्म मैदानको घाँस काटिएको थियो । उहाँले हतार हतारमा व्यवस्थापन गरिएका यस्ता पूर्वाधारका कारण खेलाडीलाई चोटपटकको चुनौती रहेको गुनासो गर्नुभयो । समयमा खेल मैदान व्यवस्थापनतर्फ सम्बन्धित निकायले ध्यान नदिँदा समस्या भएको उल्लेख गर्दै खड्काले स्थानीय निकाय, खेल व्यवस्थापकलगायत सम्बन्धित निकायबीच समन्वय नभएको बताउनुभयो ।

भौतिक पूर्वाधार पर्याप्त नहुँदा हक्की प्रतियोगिता प्रदेश बाहिर लैजाँदा राम्रो सन्देश नजाने भएकाले चुनौतीका बाबजुद पनि कास्कीमै गराउन लागेको खड्काको भनाइ छ ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले छोटो समयमा सबै खेलको भौतिक पूर्वाधार निर्माण गर्दा कुनैकुनै प्रतियोगिता अभाव र चुनौतीका बाबजुद सञ्चालन गर्न लागिएको स्वीकार गर्नुभयो । हक्कीमा पुरुषतर्फ नौ तथा महिलातर्फ सात टोलीले प्रतिस्पर्धा गर्दै छन् । नवौँ राष्ट्रिय प्रतियोगिताको यही असोज २८ गते उपराष्ट्रपति नन्दबहादुर पुनले औपचारिकरुपमा उद्घाटन गर्ने कार्यक्रम भए पनि प्रतियोगिताअन्तर्गतका केही खेल भने सुरु भइसकेका छन् ।रासस

# दैनिक एक हजार तीन सय सुरक्षाकर्मी खटिने



कास्की । गण्डकी प्रदेशमा चार दशकको अन्तरालपछि आयोजना हुन लागेको नवौँ राष्ट्रिय खेलकुदमा सुरक्षा प्रबन्धलाई विशेष महत्वका साथ व्यवस्थापन गरिएको छ । खेलकुद प्रतियोगितालाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने गरी सुरक्षा कार्ययोजना बनाइएको छ ।

खेलाडी, दर्शक र पाहुनाले सुरक्षाको पूर्ण अनुभूति गर्ने गरी सुरक्षालाई ध्यान दिइएको छ । शुक्रबारदेखि कात्तिक ३ गतेसम्म मुख्य गरी पोखरा केन्द्रित भएर गण्डकी आठ जिल्लामा हुने प्रतियोगितामा आठ हजार हाराहारी खेलाडी, प्रशिक्षक र अफिसियल गरी दश हजार हाराहारीमा सहभागिता हुने भएपछि सुरक्षालाई चुस्त बनाउन यथेष्ट मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ ।

सुरक्षार्थ खटिने प्रहरी कर्मचारीलाई त्रुटिरहित ढङ्गले खेलको सुरक्षार्थ खटिन र सम्भावित दुर्घटना तथा सुरक्षा चुनौतीलाई मध्यनजर गरी समयमै खबर गराउन निर्देशनसमेत गरिएको प्रहरीले जनाएको छ । सबै खेलस्थल, उद्घाटन तथा समापन समारोह, रङ्गशालाको प्रवेशद्वार, खेलाडी बास बसेको होटललगायतका स्थलमा विशेष उपकरणसहितका सुरक्षाकर्मी परिचालन गर्ने गरी संयुक्त सुरक्षा योजनाअनुसार सुरक्षा प्रबन्ध मिलाइएको नवौँ राष्ट्रिय खेलकुद सुरक्षा उपसमितिका संयोजकसमेत रहनुभएका गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक रामदत्त जोशीले बताउनुभयो ।

प्रतियोगितामा नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धानसहित नेपाली सेनाले समेत सुरक्षा दिनेछन् । खेलस्थल र रङ्गशालामा जनपथ र सशस्त्र प्रहरी सँगसँगै परिचालित हुनेछ भने सेनाले अतिविशिष्ट व्यक्तिको सवारीमा सुरक्षा प्रबन्ध गर्नेछ।प्रहरीप्रमुख जोशीका अनुसार प्रतियोगिताको उद्घाटनदेखि समापन समारोहसम्मका सात दिन प्रतियोगिता हुने आठ जिल्लामा दैनिक एक हजार एक सय जनपथ प्रहरी र दुई सय सशस्त्र गरी एक हजार तीन सय प्रहरी परिचालन हुनेछन् ।

यसबाहेक आवश्यकता अनुसार थप प्रहरी परिचालन गर्ने गरी सुरक्षा प्रबन्ध मिलाइएको छ । यसैगरी जिल्ला प्रहरी कार्यालयमा २५ जनाको टोली 'स्टाण्ट बाई' तैथानीमा रहने र थप मद्दत परेको खण्डमा तुरुन्त परिचालित हुने व्यवस्था गरिएको छ । "राष्ट्रिय खेलकुदको सुरक्षामा कुनै कमी नरहने गरी संयुक्त सुरक्षा योजना तयार पारेर कार्यान्वयन गरेका छौं ।" गण्डकी प्रदेश प्रहरी प्रमुख जोशीले भन्नुभयो", खेलस्थलको र रङ्गशालाको सुरक्षा, भिभिआइपी सवारी, ट्राफिक व्यवस्थापनलगायतलाई ध्यान दिएर सुरक्षा प्रदान गर्नेछौं ।"

प्रहरीले ठाउँ ठाउँमा मेटल डिटेक्टर, सादा पोसाकमा समेत सुरक्षाकर्मी परिचालन गरिने जनाएको छ । पोखराबाहेक अन्यत्र खेल हुने बाहिरी जिल्लामा समेत जिल्ला सुरक्षा समितिबाट निर्णय गरेर एउटा संयुक्त सुरक्षा योजना तयार भएकाले सोहीअनुसार सुरक्षा व्यवस्था गरिने जनाइएको छ ।

राष्ट्रिय खेलकुदका लागि आम नागरिकको समर्थन रहेकाले कुनै 'सुरक्षा थ्रेट' भने नरहेको आकलन प्रहरीको छ। "औपचारिक उद्घाटन अघिनै केही खेल अहिले चलिरहेको छ, हरेक खेल भइरहेको ठाउँमा नेपाल प्रहरीको उपस्थिति छ । अफिसरको कमाण्डमा रहने सुरक्षा टोलीले खेलस्थलमा सुरक्षा दिएको छ ।" सुरक्षा उपसमितिका संयोजकसमेत रहनुभएका प्रहरी प्रमुख जोशीले भन्नुभयो ।

नवौँको सुरक्षाका लागि गठित उपसमितिमा प्रहरी प्रमुख जोशीसहित सशस्त्र प्रहरीका एसएसपी, जिल्ला प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रहरी उपरीक्षक, नेपाली सेनाका कर्णेल, महानगरका सुरक्षा महाशाखाप्रमुख, खेलकुदका पदाधिकारी रहेका छन् ।

नवौँको समग्र सुरक्षा कमाण्ड प्रदेश प्रहरी प्रमुख जोशीले गर्ने भए पनि फिल्डमा खटिएर हेर्ने र समन्वयका लागि प्रहरी वरिष्ठ उपरीक्षक डिल्लीराज पन्त तोकिनुभएको छ । उहाँले नै अन्य सुरक्षा निकायसँग समन्वय र रिर्पोटिङ गर्नुहुनेछ । पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख एवं सुरक्षा उपसमितिका सचिव लक्ष्मण योगीले सुरक्षाका लागि रङ्गशाला र अन्य खेलस्थलको प्रवेशद्वारमा सिसिटिभी जडान गरिएको बताउनुभयो । राष्ट्रिय खेलकुद परिषद्बाट निजी सुरक्षा गार्ड,स्वयमंसेवकपरिचालनगरिएको उहाँले जानकारी दिनुभयो ।रासस

# सुरक्षा कारबाहीमा पचास जना मारिए

**सिन्ह्वा**

मोगादिसु । सोमालियामा यहाँको सुरक्षा फौजले गरेको कारबाहीमा परी अल सेबाबका कम्तीमा पनि ५० जना लडाका मारिएका छन् ।

सोमालियाको आतङ्ककारी समूह अल सेबाबका विरुद्धमा बुधबार गरेको कारबाहीका क्रममा ती लडाका मारिएका यहाँको सेनाका एकजना अधिकारीले जनाएका छन् । मध्यसोमालियाको यासुमा गाउँमा सो आतङ्ककारी समूह अल सेबाबका विरुद्धमा यहाँको सेनाले गरेको कारबाहीका क्रममा ती लडाका मारिएका हुन् । सो कारबाहीका क्रममा तीन जना सेना पनि मारिएका बताइएको छ । सोमालियाली सेनाका उपप्रमुख ओदोवा युसुफले सो कुराको जानकारी दिनुभएको हो ।

उपप्रमुख युसुफले भने "हाम्रो सैन्य समूहले गरेको कारबाहीमा अल सेबाब आतंककारी समूहका ५० जना लडाकाको ज्यान गएको छ । त्यस क्रममा तीन जना सेनाको पनि ज्यान गएको छ ।"

सोमालियाली सेनाले सो क्षेत्रमा अल सेबाबका विरुद्धमा कारबाही जारी राख्ने जनाएको छ । सेनाका अनुसार सो क्षेत्रमा यहाँका स्थानीय सुरक्षा समूहको सहयोगमा यहाँको सेनाले केही महिना यतादेखि अल सेबाबका विरुद्धमा कारबाही थालेको हो ।

सो कारबाही आगामी दिनमा पनि जारी रहने सेनाले जनाएको छ । सोमालियामा पछिल्ला केही महियना यता यहाँको आतंककारी समूह अल सेबाबले सेना र प्रहरीका विरुद्धमा आक्रमण गरी हत्या गर्ने गरेका छन् ।

# अफ्रिकी देशका स्वास्थ्यमन्त्री युगान्डामा




**सिन्ह्वा**

कम्पाला । अफ्रिकाका विभिन्न ११ देशका स्वास्थ्यमन्त्रीहरु युगाण्डामा भेट्ने भएका छन् । उनीहरुको बैठक युगाण्डमा हुन लागेको हो ।

पछिल्ला दिनमा अफ्रिकी देशमा इबोला सङ्क्रमणको प्रकोप बढेकाले यसको नियन्त्रणका विषयमा आवश्यक परामर्श गर्नका लागि उनीहरुको बैठक बस्न लागेको बताइएको छ । अफ्रिकाका विभिन्न देशका स्वास्थ्य मन्त्रीले यी देशकाबीचको अन्तर देशीय समन्वय गरी इबोलाको नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गर्न सो बैठक बस्न लागेको हो ।

युगाण्डामा रहेको विश्व स्वास्थ्य सङ्गठनमा सो बैठक बस्न लागेको हो । विश्व स्वास्थ्य सङ्गठनले अफ्रिकी देशका बीचमा इबोला नियन्त्रणका लागि अन्तर देशीय समन्वय गर्न आवश्यक रहेको बताउँदै आएको छ । त्यसपछि सो बैठक बस्न लागेको र एकले अर्को देशको सीमा क्षेत्रमा कडाई गर्नुका साथै इबोलाको रोकथामका लागि आवश्यक समन्वय गर्ने निर्णय स्वास्थ्य मन्त्रीहरुको सो बैठकले गर्ने भएको छ ।

युगाण्डामा प्राप्त पछिल्लो तथ्याङ्कअनुसार यहाँ इबोलाका ४८ जना सङ्क्रमित भेटिएका छन् भने केही दिन यतामात्र यहाँका १७ जनाको ज्यान गएको छ । त्यस्तै पछिल्लो समयमा अफ्रिकाका विभिन्न देशमा इबोलाको सङ्क्रमण पाइएको छ ।

# युक्रेनले थप भूभाग फिर्ता लिएको दाबी

**सिन्ह्वा**

किएभ । युक्रेनले दक्षिणमा क्षेत्र थप भू-भाग फिर्ता गरेको छ । धेरै दिनको तीव्र रुसी क्षेप्यास्त्र हमलापछि किभमा 'जति सक्दो चाँडो' वायु रक्षा प्रणाली पुऱ्याउने पश्चिमी देशको वाचालाई युक्रेनले स्वागत गरेको बिहीबार जनाएको छ। अमेरिकाको नेतृत्वमा करिब ५० देशको समूहले ब्रसेल्समा रहेको नेटो मुख्यालयमा वार्ता गरेको र किएभलाई नयाँ क्षेप्यास्त्र विरोधी प्रणाली उपलब्ध गराउने वाचा गरेको हो। युक्रेन रुसी आक्रमणबाट त्रसित छ। यसमा परी दर्जनौं मारिएका, घाइते भएका छन् साथै गाउँ, सहर विद्युत र तातो पानीविहीन छन् ।

'प्रणाली उपलब्ध गराइनेछ, जति छिटो हामी तिनीलाई भौतिकरूपमा त्यहाँ पुऱ्याउन सक्छौं,' अमेरिकी रक्षा मन्त्री लोयड अस्टिनले बैठकपछि जानकारी दिनुभएको छ। पश्चिमी ऐक्यवद्धताको थप प्रदर्शनमा, जी-७ ले आवश्यता भएसम्म युक्रेनको साथमा उभिने वाचा गरेको छ । बलियो युक्रेनको दिशातर्फ अघि बढ्नको लागि आर्थिक सहयोग गर्ने अन्तरराष्ट्रिय मुद्रा कोष प्रमुख क्रिस्टालिना जर्जिएभाले वाचा गर्नु भएको छ। युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की रुसी क्षेप्यास्त्र आक्रमणलाई आतङ्कवादको कार्यको रूपमा वर्णन गर्नु भएको छ।

# अमेरिकाले इरानलाई अस्थिर बनाउन खोजेको आरोप

**एएफपी**

तेहरान । इरानी राष्ट्रपति इब्राहिम रायसीले संयुक्त राज्य अमेरिकाले इस्लामिक गणतन्त्रविरुद्ध अस्थिरताको नीति अवलम्बन गरेको आरोप लगाउनुभएको छ ।

यहाँ महसा अमिनीको मृत्युलाई लिएर विरोध प्रदर्शन भईरहेको छ । सैन्यकरण र प्रतिबन्धमा अमेरिकाको असफलतापछि वासिङटन र उसका सहयोगीले अस्थिरताको असफल नीतिको सहारा लिएका रायसीले काजकिस्तानमा भएको शिखर सम्मेलनमा बताउनुभएको उहाँको कार्यलयले जानकारी दिनुभएको छ ।

# आयात रोकिएन, चितवनका केराले बजार पाएन

भरतपुर । भरतपुर-२३ को जगतपुरमा रहेको यज्ञप्रसाद सुवेदीको बगानमा केरा बोटमै पाकेका छन् । भारतीय केराको आयात नरोकिँदा उहाँको बगानमा पाकेका केरासमेत सजिलै बिक्री भएका छैनन् । पहिँलै भएर पाकेका केरा चरा र बाँदरको आहारा बनेका छन् । सुवेदीले ५५ बिघामा केराखेती गर्नुभएको छ । सबैभन्दा धेरै क्षेत्रफलमा केरा लगाउनेमध्येका एक उहाँले केरा बोटमै पाकेपछि चरा र बाँदर धपाउन दुई जना मान्छे नै परिचालन गर्नुभएको छ । "यो सिजनमा केरा बिक्री र मूल्य राम्रो हुने अपेक्षा थियो तर सोचेजस्तो भएन", उहाँले भन्नुभयो ।



केरा उत्पादक सङ्घ चितवनका पूर्वअध्यक्षसमेत रहनुभएका सुवेदीले उत्पादन प्रशस्त रहेको र बजारको मात्र समस्या रहेको बताउनुभयो । "यो समयमा मेरोमात्रै होइन, नेपालमै उत्पादन भएको केरा पर्याप्त छ, भारतबाट ल्याउन आवश्यक छैन । तर भन्सार छलेर दैनिक १०-१५ गाडी केरा काठमाडौँ भित्र्याइने गरेको छ", उहाँले भन्नुभयो ।

सबैभन्दा धेरै केरा उत्पादन हुने जिल्लामा चितवन दोस्रो स्थानमा पर्छ । केरा बिक्री नभएपछि चितवनका किसानले पटक-पटक भारतीय केरा आयात रोक्न माग गरिरहेका छन् । उनीहरूले एक-दुई महिनासम्म आवश्यक पर्ने केरा नेपालमै तयारी अवस्थामा रहेको बताएका छन् । नेपाल केरा उत्पादक महासङ्घका अध्यक्ष विष्णुहरि पन्तले छठपर्वसम्म भारतीय केरा आयात रोक्न सरकारसँग माग गर्नुभयो ।

"छठपर्वसम्म देशलाई आवश्यक पर्ने केरा हामीले उत्पादन गरेका छौँ", उहाँले भन्नुभयो, "नेपालकै बिक्री नभएको अवस्थामा भारतीय केरा आयात रोक्न सरकार लाग्नुपर्छ ।" उहाँले केराका लागि भारतसँग नेपालले प्रतिस्पर्धा गर्न नसक्ने बताउनुभयो । यतिखेर नेपालमा दैनिकरूपमा केरा आयात हुँदै आएको छ । भारतबाट आएको केरासँग चितवनले प्रतिस्पर्धा गर्न सक्दैन", अध्यक्ष पन्तले भन्नुभयो ।

केरा उत्पादक सङ्घ चितवनका अध्यक्ष माधवप्रसाद घिमिरे भारतीय केराको आयात नरोकिए जिल्लाका केरा व्यवसायी विस्थापित हुने अवस्था आउने बताउनुभयो । "सरकारले केरा आयात गर्दा एलसी खोलेर मात्र ल्याउन पाउने नियम बनाएको छ । यहाँ विभिन्न नाकाबाट बिना एलसी भारतीय केरा अवैधरूपमा भित्रिएका छन्", उहाँले भन्नुभयो, "यो समस्या समाधान हुन नसके व्यावसायिकतातर्फ उन्मुख कृषक पलायन हुने अवस्थामा पुग्नेछन् ।" उहाँले यस वर्ष धेरै पानी परेका कारण पनि समस्या भएको बताउनुभयो । "चाडपर्वमा पनि धेरै पानी पर्‍यो, यसकारण यस वर्ष केराको खपत पनि कम भयो", उहाँले भन्नुभयो ।

चितवनमा छ सय बिघामा मात्रै हरियो (जिनाइन) केरा लगाएको घिमिरेले बताउनुभयो । यो केरा एकैपटक पाक्ने भएकाले बजार नपाए सबै बारीमा नै कुहिने उहाँको भनाइ छ । केरा व्यवसायमा किसानको दिनप्रतिदिन आकर्षण भने बढ्दै गइरहेको उहाँले बताउनुभयो । चितवनमा मात्रै सात सय किसानले व्यावसायिकरूपमा केराखेती गरिरहेको उहाँले जानकारी दिनुभयो । उत्पादन भएको केराको बजारको ग्यारेन्टी सरकारले गर्नुपर्ने माग केरा उत्पादक किसानको छ । स्वदेशमै धेरै उत्पादन भएको समयमा आयात रोकिनुपर्ने माग उनीहरूको छ । साथै उत्पादित वस्तु बिक्री नभए सरकारले किनिदिनुपर्ने उनीहरू बताउँछन् । उनीहरूले केराको मूल्य तोकेर कार्यान्वयन गराउनुपर्ने माग पनि सरकारसमक्ष राख्दै आएका छन् ।

चितवनमा मात्रै वार्षिक २ अर्बको केराको कारोबार हुने गरेको छ । "राज्यले किसानलाई मल र बीउ समयमै उपलब्ध त गराएको छैन । किसानले जेनतेन उत्पादन गरेको वस्तुको पनि बजारको व्यवस्था गर्न सकेको छैन", घिमिरेले भन्नुभयो । जिल्लाका अधिकांश किसानले मालभोग र जिनाइन केरा लगाएका छन् । भारतीय केराको उत्पादन लागत कम पर्ने भएका कारण नेपाली व्यापारीले सस्तो मूल्यमा खरिद गर्ने गरेका छन् । महँगो बीउ, मल, सिँचाइ, जग्गा भाडालगायतका कारण नेपाली केराको उत्पादन लागत भारतीयको भन्दा बढी छ ।

भरतपुर महानगर फलफूल तथा तरकारी बजारका प्रबन्ध निर्देशक थिरप्रसाद धिताल चितवनमा भारतीय केरा नआएको बताउनुहुन्छ । अहिले मन्दीका कारण केराको बिक्रीसमेत नभएको उहाँको भनाइ छ । केराको मूल्य प्रतिकोसा रु तीनदेखि चारमा किसानको बारीबाट बिक्री हुने गरेको छ ।

नेपालको उत्पादन तीन लाख आठ हजार तीन सय ८८ मेट्रिक टन छ । यो कुल मागको ६० प्रतिशत रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना चितवनका कृषि अधिकृत इन्द्र शर्मा ढुङ्गानाले जानकारी दिनुभयो । उहाँका अनुसार ४० प्रतिशत केरा भारतबाट आयात हुँदै आएको छ । "चितवनमा उत्पादन भएको केराको मुख्य बजार काठमाडौँ हो", उहाँले भन्नुभयो, भारतबाट दैनिक आयात हुँदा किसान मर्कामा पर्ने नै भए ।" काठमाडौँसँगै चितवनमा उत्पादन भएको केरा पोखरा, बुटवल र दाङमा समेत जाने गरेको छ ।

देशभर केराको कुल माग पाच लाख १४ हजार ५० मेट्रिक टन रहेको छ । यहाँ २१ हजार छ सय ३३ हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको छ । त्यसमध्ये चितवनमा मात्रै दुई हजार ७६ हेक्टर क्षेत्रमा केराखेती हुन्छ । त्यसमा ४३ हजार एक सय ९३ मेट्रिक टन चितवनमा उत्पादन हुन्छ । नेपालको उत्पादनको २० प्रतिशत केरा चितवनले ओगट्ने गरेको छ । पूर्वी चितवनको रत्ननगर, खैरहनी, राप्ती र कालिका नगरपालिकामा बढी केराखेती हुने गरेको छ । यस्तै भरतपुर महानगरको ठिमुरा, जगतपुर र मेघौली क्षेत्रमा पनि व्यावसायिक केराखेती गरिएको छ ।रासस

# माटोका पाला बनाउन भ्याइनभ्याइ

भक्तपुर । नेपालीहरूको दोस्रो महान् तिहार नजिकिएसँगै भक्तपुरमा माटोका भाडा बनाउँदै आएका कुमाले समुदायलाई पाला बनाउन भ्याइनभ्याइ भएको छ । यस वर्ष माग धेरै भएकाले विशेष गरी प्रजापति समुदायलाई फुर्सद नभएको हो ।



यहाँ आकर्षक माटोको भाडा बनाउने बोलाछैं र तालाक्वको पोर्टरी स्क्वायर तथा मध्यपुरथिमिका नगदेश, बोडे, चपाचो, पाँचोलगायतका स्थानका प्रजापति समुदायका पूरै परिवार यतिखेर तिहारका लागि आवश्यक पाला बनाउने, सुकाउने र रङ भर्ने कामबाट एकछिन फुर्सद छैन । "तिहार आइसक्यो माटोको पाला, भिउँट, धुपौरोको थुप्रै माग आएको छ, तिहार सामान जसरी पनि दिनुपर्छ । अहिले भ्याइनभ्याइ छ", वर्षौँदेखि माटोका भाँडा बनाउँदै आएका स्थानीय तालाको पोर्टरी स्क्वायरका ३८ वर्षका विनोदकुमार प्रजापतिले भन्नुभयो ।

वर्षभरिमा राम्रो आम्दानी गर्ने समय नै यही हो भन्दै उहाँले यो मौकालाई गुम्न नदिन स-परिवार बिहानैदेखि रात नपरेसम्म काममै व्यस्त हुने गरेको सुनाउनुभयो । माटोका भाँडा बनाउने आधुनिक मेसिनमा एकछिन हात खाली नराखी पाला बनाउन व्यस्त उहाँले यस वर्ष ४० हजार पाला बनाएर बिक्री गर्ने लक्ष्य लिएको जानकारी दिनुभयो । उहाँले पाला पूजामा प्रयोग हुने धुपौरो, घैँटो बनाउन व्यस्त उहाँले यस वर्ष साना र ठूला दुवै प्रकारका पालाको माग बढेकाले मागअनुसारको उत्पादन गर्न निकै गाह्रो भएको बताउनुभयो ।

माटोका भाँडा बनाउँदै आएका पोटरी स्क्वायरका करिब ४० घर परिवार प्रजापति समुदायको यतिखेर एकछिन हात खाली छैन, कोही माटोका भाँडा बनाइरहेका, कोही सुकाइरहेका, कोही आधुनिक भट्टीमा भाँडा पोखिरहेका त कोही झिक्दै बाकसमा प्याक गर्दै माग आएका ठाउँमा सामान पुर्‍याउन जान भ्याइनभ्याइ भएको देखिन्छ ।

पोटरी स्क्वायरकै दयाराम प्रजापतिको एकछिन हात खाली छैन । बाजेबराजुका पालादेखि माटोका भाँडा बनाउँदै आएको उहाँको परिवारमा यो जिम्मेवारी अहिले दयारामले सम्हाल्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "यस वर्ष पालाको माग धेरै छ, तिहार नजिक आइसक्यो, मागअनुसारको पाला उत्पादन गर्नुपर्छ भ्याउनै मुस्किल छ ।"

यहाँ उत्पादन भएका पाला यतिखेर भक्तपुर, काठमाडौँ, ललितपुर, काभ्रे, बनेपा, पनौती, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, पोखरा, नारायणगढ, वीरगञ्जबाट समेत माग भएकाले पठाउने गरेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "माटो र काठको निकै अभाव छ, सरकारले इलेक्ट्रिक चुलोको व्यवस्था गरिदिए सहज हुन्थ्यो, माटोको अभाव छ । भक्तपुरमा माटो पाउन छाडेको आठ वर्ष भइसक्यो । साँखुबाट व्यापारीले माटो ल्याउने गर्छन्, त्यो पनि मागअनुसार आउँदैन, माटोको अभावले पेशा नै सङ्कटमा पर्ने अवस्था आएको छ ।" भक्तपुरमा मात्र नभई पालाको माग बाहिर जिल्लादेखि अन्तर राष्ट्रिय बजारमा समेत बढेकाले कुमाले समुदायलाई पाला बनाउन यतिखेर भ्याइनभ्याइ भएको मध्यपुरथिमिका रुजेन प्रजापतिले बताउनुभयो ।

विगतमा भक्तपुरका कुमालेले बाहिर जिल्लामै गएर माटोका भाँडा बनाउने गर्ने जनाइएको छ । कतिपय विभिन्न जिल्लामा बसोबास गरेका कुमालेले स्थानीयस्तरमै भाँडा बनाउने गरे पनि अहिले यो परम्परा लोपोन्मुख अवस्थामा पुगेको छ । भक्तपुरमा यसको माग बढेको पुर्खौंदेखि कुमाले पेशामा लाग्दै आउनुभएका बलराम प्रजापतिले सुनाउनुभयो ।

काठमाण्डु उपत्यकादेखि उपत्यका बाहिरसम्मबाट लाखौँ पालालगायतका सामग्रीको माग आएपछि सो समुदायलाई भ्याइनभ्याइ भएको हो । अहिले भक्तपुर र थिमिका प्रजापतिले माटोका पाला, खुत्रुके, अम्बरा, धुपौरो, गमला, सुराई, कलिन्चाजस्ता सामानको माग बढेकाले यस्ता सामान बनाउन व्यस्त रहेका छन् । थोरै भाँडा बनाउनेले पनि तिहारमा रु एक लाखभन्दा बढी आम्दानी गर्ने गरेको र बाहिरबाट आएको माग लिएर भाँडा बनाउनेले तिहारमा मात्र रु पाँच लाखसम्म आम्दानी गर्ने जनाइएको छ ।रासस

# अनुकूलन र जलवायु वित्तीय सहयोग नेपालको प्राथमिकता

काठमाण्डु । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २७औँ सम्मेलन (कोप-२७) मा नेपालले अनुकूलन, हानीनोक्सानी, जलवायु वित्तीय सहयोगलगायत मुद्दालाई प्राथमिकताका साथ उठाउने तयारी गरेको छ ।

सम्मेलनमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरले समग्र हिमाली अर्थतन्त्र र सो क्षेत्रका साथै तल्लो तटीय क्षेत्रका पारिस्थितिकीय प्रणालीमा पारेको असर नेपालको प्राथमिकताको विषय बन्नेछ । नेपालको संवेदनशील भूवनोटका कारण जलवायु परिवर्तनको जोखिम पनि बढ्दो छ । विश्वको औसत तापक्रम वृद्धिदर एक दशमलव पाँच डिग्री सेल्सियस रहँदा पर्वतीय क्षेत्रमा त्यो एक दशमलव आठ डिग्री बढ्न सक्ने बताइन्छ ।

कोप-२७ आगामी कात्तिक २० देखि मङ्सिर २(नोभेम्बर ६ देखि १८)गतेसम्म इजिप्टको शार्म अल शेखमा हुँदैछ । सम्मेलनमा नेपालले प्रमुखरूपमा जलवायु अनुकूलन र न्यूनीकरण, जलवायुका लागि वित्तीय सहयोग, पर्वतीय क्षेत्रका विशिष्ट मुद्दा, हानिनोक्सानीमा वित्तीय सहयोगलगायत विषयका एजेन्डा प्रस्तुत गर्ने तयारी गरिरहेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ । एजेण्डाको तयारी अन्तिम चरणमा

अनुकूलनसम्बन्धी विश्वव्यापी लक्ष्यबारे सम्मेलनमा कुरा उठाउने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा बुद्धिसागर पौडेलले जानकारी दिनुभयो । जलवायु परिवर्तनका क्षेत्रमा विकसित मुलुकले अपेक्षाअनुसारको अनुदान सहयोग दिनुपर्ने नेपालको माग छ । साथै जलवायु परिवर्तनका असरबाट उत्पन्न विपद्ले हुने हानिनोक्सानीका लागि छुट्टै क्षतिपूर्ति दिनुपर्ने जिकिर पनि प्रमुखरूपमा उठाइने उहाँले बताउनुभयो ।

अनुकूलन भन्नाले परिवर्तित जलवायुसँगै बाँच्न र जिउने तरिका अपनाउनु हो भने न्यूनीकरणको अर्थ भने जलवायु परिवर्तनका कारक उत्सर्जन नै कम गराउनु हो । नेपालले कोप-२६ सम्मेलनमा सन् २०४५ सम्म कार्बन उत्सर्जन 'नेट जिरो' बनाउने वाचा गरेको थियो । नेट जिरो बनाउने भनेको उत्सर्जन गर्ने हरित गृह ग्यास तथा सोस्ने ग्यासको परिमाण बराबर बनाउनु हो ।

सम्मेलनका तयारीका लागि मन्त्रालयले जलवायु परिवर्तनसम्बन्धी सरकारी तथा गैरसरकारी बुहपक्षीय बहुसरोकारवाला विज्ञसहितको सहभागितामा विभिन्न समूहमा छलफल गरी सुझाव सङ्कलन गरिसकेको छ । समूहबाट प्राप्त प्रतिवेदनका सुझाव समेटेर राष्ट्रियस्तरमा छलफल गरी सम्मेलनमा प्रस्तुत गर्ने अवधारणापत्र (स्टाट्स पेपर) अन्तिम चरणमा पुगेको सहसचिव डा पौडेलले जानकारी दिनुभयो । मन्त्रालयले मुख्य सम्मेलनसँगै 'साइड इभेन्ट' र वार्ताका लागि तयारी गरिरहेको जनाएको छ ।

**यसअघिका प्रतिबद्धता कार्यान्वयनमा जोड**

मन्त्रालयका सचिव डा पेमनारायण कँडेलले यस सम्मेलनमा पेरिस सम्झौता कार्यान्वयनका लागि राष्ट्रिय प्रतिबद्धताका विषयमा हरेक देशले कसरी हरित ग्यास कटौती गर्ने भन्ने योजना र रणनीति बनाउने काम हुने बताउनुभयो । विश्व तापमान वृद्धिले जलवायुमा असर परिसकेको सम्बन्धमा अनुकूलनका लागि सबै देशले योजना बनाइसकेका छन् । यसलाई कार्यान्वयन नगरिकन न्यूनीकरण र अनुकूलन पनि गर्न सकिँदैन भन्ने ग्लास्गो सम्मेलनमा भएको सहमति कार्यान्वयनका लागि यो सम्मेलन महत्वपूर्ण हुने उहाँको भनाइ थियो ।

हरित ग्यास उत्सर्जनका कारण तापक्रममा वृद्धि भएको र तापक्रम बढेसँगै जलवायुमा परिवर्तन भएको छ । यस अघिका सम्मेलनमा त्यसको कटौती गर्न मापन तोकिएको छ । हरित ग्यास उत्सजर्न सन् २०३० सम्म ४५ प्रतिशत कटौती र २०५० सम्म शून्य उत्सर्जन गर्ने गरी परिणाम तोकिएको छ ।

यसैगरी ग्लास्गो सम्मेलनमा कोइलाको प्रयोगलाई पूर्णरूपमा अन्त्य नगरी हरित ग्यास उत्सर्जन न्यूनीकरण सकिँदैन र स्वच्छ, वैकल्पिक र नवीकरणीय ऊर्जामै जानुपर्छ भन्ने प्रस्ताव थियो तर चीन, भारत, दक्षिण अफ्रिका, ब्राजिल, इरानलगायत मुलुकले अडान लिएपछि कोइलाको 'फेजआउट' नभइ 'फेजडाउन' (घटाउँदै लैजाने) जाने कुरामा सहमति भएको थियो ।

यसअघिका प्रतिबद्धता कार्यान्वयनको विषय, अनुकूलन, जलवायु वित्तीय सहयोग नै यस सम्मेलनमा नेपालको प्राथमिकता रहेने सचिव कँडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "अनुकूलन भएर मात्र नहुने भएकाले जलवायुका असरबाट हुने हानीनोक्सानीको क्षतिपूर्ति र जलवायु वित्तीय सहयोग नै प्रमुख मुद्दा हो । त्यस विषयमा पनि हामी कुरा उठाउँछौँ । अनुकूलन र हानिनोक्सानीलाई छुट्टै विधा बनाएर हिसाबकिताब गरेर अनुदान दिइनुपर्छ भन्ने हाम्रो माग हो ।"

नेपालको लक्ष्य 'क्लिन इनर्जी' हो । सबै ऊर्जाका स्रोतलाई 'क्लिन इनर्जी'का रूपमा रुपान्तरण गरेर हरित ग्यास उत्सर्जन न्यूनीकरण गर्न र विदेशबाट हुने आयातलाई कम गर्न सहयोग पुग्नेछ । रासस

# चोरीपैठारी हुँदा स्वदेशी जुत्ताचप्पल व्यवसायी समस्यामा

काठमाण्डु । वार्षिक ठूलो मात्रामा जुत्ताचप्पल चोरी पैठारी हुँदा स्वदेशी जुत्ताचप्पल व्यवसायी मारमा परेका छन् । फुटवेयर म्यानुफ्याक्चरर्स एशोसिएशन अफ नेपालले आज पत्रकार सम्मेलन गरी वार्षिक दुई करोडभन्दा बढी जोर जुत्ताचप्पल चोरी पैठारी हुँदा नेपाली व्यवसायीले समस्या भोग्नुपरेको बताएका हुन् । पत्रकार सम्मेलनमा बएशोसिएशनका अध्यक्ष नानीराज घिमिरेले चोरी पैठारीबाट करोडौँ जोर जुत्ताचप्पले आयात हुँदा नेपालमा उत्पादित जुत्ताचप्पलले बजार पाउन छाडेको बताउनुभयो ।

"देशको मागलाई धान्न सक्ने गरी नेपालमा जुत्ताचप्पल उत्पादन गर्न सक्ने क्षमताको विकास भइसकेको अवस्थामा अनियन्त्रितरूपमा दक्षिणतिरको खुला सीमाबाट चोरी पैठारी र न्यून बिजकीकरणका कारण नेपाली व्यवसायी मारमा परेका छन्", उहाँले भन्नुभयो । एशोसिएशनका




अनुसार आर्थिक वर्ष २०७८/७९ मा नेपालमा पाँच करोड ६५ लाख जोर जुत्ताचप्पल उत्पादन भएको थियो भने विदेशबाट दुई करोड ५९ लाख ८७ हजार एक सय ६३ जोर आयात भएको थियो । यस्तै दुई करोड २५ लाख १२ हजार आठ सय ३७ जोर जुत्ताचप्पल चोरी पैठारीबाट आएको छ ।

एकतिहाइ महिलासहित करिब ५५ हजार श्रमिक कार्यरत रहेको जुत्ताचप्पल उद्योग नेपालमा एक हजार पाँच सयभन्दा बढी रहेको अध्यक्ष घिमिरेको भनाइ छ । आर्थिक वर्ष २०७८/७९ मा नेपालबाट रु एक अर्ब ८८ लाख ३४ हजार एक सय १७ मूल्य बराबरको जुत्ताचप्पल निर्यात भएको थियो ।

एशोसिएशनका उपाध्यक्ष सुरज बन्जाडेले रु तीस अर्ब व्यवसायीको लगानी र रु चार अर्बभन्दा माथि बैंक लगानी रहेको नेपालको जुत्ताचप्पल क्षेत्रलाई बचाउन सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले भन्सार नाकामा गस्ती बढाउनका साथै सीमानाका रहेका जिल्ला प्रशासन प्रमुखलगायत राजस्व अनुसन्धान कार्यालयले बढी सक्रियताका साथ चोरी पैठारी नियन्त्रणमा लाग्नुपर्ने माग गर्नुभयो । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नका लागि सबै सरकारी निकायमा कार्यरत कर्मचारीले अनिवार्यरूपमा नेपालमा उत्पादित जुत्ताचप्पल प्रयोग गर्न एशोसिएशनले आग्रहसमेत गरेको छ ।रासस

यस **केमिड्रग ईण्डष्ट्रिज प्रा.लि.** बाट उत्पादित निम्न अनुसारका औषधीहरुको आ.व. २०७९/२०८० को लागि बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गरि यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि उक्त औषधीहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरुले खरिद गर्नु परेमा यस उद्योगको आधिकारिक बिक्रेता **आलोक मेडिसिन, मिथिला न.पा.-६, ढल्केवर, धनुषा, नेपाल**बाट खरिद गर्न सक्नुहुनेछ भनि सूचना प्रकाशित गरिएको छ ।

email: aalokmedicine@gmail.com, मोबाइल नं. ९८५४०२३६२३/९८१७८५२७१९

**CHEMIDRUG INDUSTRIES PVT. LTD. PRODUCT & RATE LIST 2079/2080**

**CHEMIDRUG INDUSTRIES PVT. LTD. (CDPL)**
**PRICE LIST**
**Effective From 2079/04/01 to 2080/03/31**

| S. N. | PRODUCT | GENERIC FORM | T. Units | PACK | Whole Sale Price | MRP |
|---|---|---|---|---|---|---|
| | | **NSAIDs/Ant-Spasmodic/Muscle Relaxant** | | | | |
| 1 | C-NAC TAB | Each Tablet Contains: Diclofenac Sodium 50 mg | 200 | 20x10's | 517.25 | 600.00 |
| 2 | IBUCHEM 400 TAB | Each Film Coated Tablet Contains: Ibuprofen 400 mg | 500 | 50x10's | 862.07 | 1000.00 |
| 3 | POLAR TAB | Each Uncoated Tablet Containsts: Paracetamol IP 500 mg | 500 | 50x10's | 431.04 | 500.00 |
| 4 | POLAR SUSP | Each 5ml Contains: Paracetamol 125 mg | 1 | 1x168 | 25.87 | 30.00 |
| 5 | HYSCO-10 MG TAB | Each Film Coated Tablet Contains: Hyoscine Butyl Bromide 10 mg | 100 | 10x10 | 1379.31 | 1600.00 |
| | | **ANTIBACTERIALS/ANTIBIOTICS** | | | | |
| | | **PENICILLINS** | | | | |
| 6 | SUMOX 250 DT | Each Dispersible Tablet Contains: Amoxycillin 250 mg | 150 | 15x10's | 646.56 | 750.00 |
| 7 | SUMOX 500 CAP | Each Capsule Contains: Amoxycillin 500 mg | 300 | 20x15's | 2068.97 | 2400.00 |
| 8 | CHEMCLOX 500 CAP | Each Capsule Contains: Cloxaxillin 500 mg | 200 | 20x10's | 2068.97 | 2400.00 |
| | | **CEFALOSPORINS** | | | | |
| 9 | CEFIRO 200 TAB | CEFIXIM 200 mg Tablet | 100 | 10x10's | 1724.14 | 2000.00 |
| | | **FLUOROQUINOLINES** | | | | |
| 10 | PROF 500 TAB | Each Film Coated Tablet Contains: Ciprofloxacin 500 mg | 100 | 10x10's | 689.66 | 800.00 |
| | | **TETRACYCLINES** | | | | |
| 11 | DOXAN Capsule | Each Capsule Contains: Doxycycline 100 mg | 200 | 20x10's | 1206.90 | 1400.00 |
| | | **VITAMINS/B-COMPLEX/SUPPLEMENTS** | | | | |
| 12 | VITABIC FORTE CAP | VITAMIN B-COMPLEX | 200 | 20x10's | 1034.48 | 1200.00 |
| | | **TOPICALS (OINTMENT/CREAM/GEL)** | | | | |
| 13 | TRIAL CREAM 15 GM | Each Tube Contains: Clotrimazole USP 1% W/W | 1 | 1x25 | 51.73 | 60.00 |
| | | **ANTACID / ANTI-ULCERANTS** | | | | |
| 14 | HILOC 150 TAB | Each Film Coated Tablet Contains: Ranitidine HCl USP 150 mg | 500 | 20x50's | 862.07 | 1000.00 |
| | | **ANTIPROTOZOAL** | | | | |
| 15 | OGYL 400 TAB | Each Film Coated Tablet Contains: Metronidazole 400 mg | 200 | 20x10's | 689.66 | 800.00 |
| | | **ANTIEMETIC** | | | | |
| 16 | OPRAM TAB | Each Uncoated Tablet Contains: Metoclopramide 10 mg | 200 | 20x10's | 344.83 | 400.00 |
| | | **ANTI-ALLERGIC / H1 ANTIHISTAMINIC** | | | | |
| 17 | ZIN 10 TAB | Each Uncoated Tablet Contains: Cetirizine Dihydrochloride BP 10 mg | 200 | 10x2x10's | 517.25 | 600.00 |
| 18 | ZIN SYR 30 ML | Each 5 Ml Contains: Cetirizine Dihydrochloride BP 5 mg | 1 | 1x120 | 34.49 | 40.00 |
| | | **ANTIFUNGAL** | | | | |
| 19 | TACON CAPSULE | Each Capsule Contains: Itraconazole BP 100 mg (As Pellet) | 1 | 10x1x4 | 1448.28 | 1680.00 |
| 20 | FLUCAP Capsule | Each Capsule Contains: Fluconazole Capsule 150 mg | 30 | 1x30's | 620.69 | 720.00 |

# प्रभु साहलाई सत्ता गठबन्धनको समर्थन



**टुडे समाचारदाता**

गौर । नेकपा एमाले विरुद्ध जनभावना बढेको अनुमान गरेका पूर्व मन्त्री प्रभु साहले दिएको स्वतन्त्र उम्मेदवारीलाई सत्ता गठबन्धनले समर्थन गर्ने भएको छ।

साह रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट एमालेको टिकटमा उम्मेदवारी दिने निश्चित थियो ।उनले पार्टीको टिकट लिइसकेका थिए ।तर उम्मेदवारी दर्ताको क्रममा स्वतन्त्र रुपमा मनोनयन फारम भरे ।

माओवादी केन्द्रका धीरज पटेल र स्वतन्त्र उम्मेदवार ओमप्रकाश साह प्रभु साहका लागि प्रमुख चुनौतीबनेका छन् ।सत्ता गठबन्धनले माओवादी केन्द्र उम्मेदवार पटेललाई निष्कृय बनाए पनि क्षेत्रीय स्तरमा गठबन्धनका दलहरुले ओमप्रकाश साहलाई मतदान गर्ने संभावना बढेको छ ।

नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्ण यादवले केन्द्रमा सहमति गरिए पनि क्षेत्रमा मतदाताहरुले अस्वीकार गर्ने बताए।

‘ प्रभु साहलाई समर्थन गर्ने केन्द्रमा सहमति भए पनि क्षेत्रमा त्यसको प्रभाव पर्ने छैन्’ उनले भने, साहप्रति जनआक्रोश व्यापक छ ।एमाले र सत्ता गठबन्धनका मतदाताहरुले उनको विरुद्ध मतदान गर्ने देखिएको छ ।

साहका समर्थकहरुलाई एमालेले टिकट काटेपछि उनले जिल्लाका लागि ल्याएको टिकट वितरण गरेनन् ।साहले टिकट आफूसँगै राखेर स्वतन्त्र उम्मेदवारी दिएका थिए ।तर एमालेका अन्य नेताहरुले विभिन्न माध्यमबाट टिकट मगाएर मनोनयन दाखिला गरे ।

साहलाई एमालेले कारवाही गरेको छ ।माओवादी केन्द्रले उनलाई संरक्षण गर्न उम्मेदवार फिर्ता गर्न लागेको छ ।तर साहले आफ्नो स्वतन्त्र उम्मेदवारीबाट एमालेलाई नै फाइदा पुगेको तर्क गरेका छन्

# ‘मधेशका ९ उम्मेदवारले आफैलाई मतदान गर्न पाउने छैनन्’

**राजन झा**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा मधेश प्रदेशका ९ उम्मेदवारले आफैलाई मतदान नगर्ने भएका छन् ।

उनीहरु आफ्नो मतदाता नामावली रहेको ठाउँवाट फरक स्थानमा आएर निर्वाचनमा भाग लिएपछि आफैलाई मतदान नगर्ने भएका छन् । जसमा पार्टीका अध्यक्षदेखि सदस्यसम्म रहेका छन् ।

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले पनि आफैलाई मतदान नगर्ने भएका छन् । उनी मोरङको विराटनगर महानगरपालिका १४ का मतदाता हुन् । उनी अहिले सप्तरी २ बाट उमेदवार बनेका छन् । त्यसकारण उनले आफैंले भोट हाल्न पाउने छैनन् । निर्वाचन आयोगले प्रतिनिधिसभामा कुनै पनि ठाउँवाट उम्मेदवार बन्न सक्ने राखेको प्रावधान अनुसार उनले पनि मोरङ छाडेर सप्तरीवाट चुनाव लडेका छन् । गत प्रतिनिधिसभाको निर्वाचनमा पनि उनी त्यही क्षेत्रवाटनै उम्मेदवार भइ विजयी भएका थिए ।



त्यस्तै,सिरहामा जसपाका अर्का नेता राजकिशोर यादवले पनि आफैलाई मतदान नगर्ने भएका छन् । हुनत उनी सिरहा जिल्लाकै छन् तर, उनले यस पटक निर्वाचन क्षेत्र नम्वर ४ छाडेर २ मा गएपछि आफैलाई मतदान गर्नबाट बञ्चित भएका छन् । उनी गत निर्वाचनमा निर्वाचन क्षेत्र नम्बर ४ बाट बिजयी भएका थिए । त्यतिबेला आफैलाई मतदान गरेका यादव यस पटक मतदान गर्नबाट बञ्चित भएका छन् ।

धनुषामा एउटै निर्वाचन क्षेत्रमा कडा प्रतिस्पर्धा देखिएका दुई उम्मेदवारले आफैलाई मतदान गर्न पाउने छैनन् । धनुषा निर्वाचन क्षेत्र नम्वर तीनको निर्वाचन चारवटै निर्वाचन क्षेत्र मध्ये रोचक हुने छन् तर, दुबै उम्मेदवार आफैलाई मतदान गर्न पाउने छैन् । धनुषा निर्वाचन क्षेत्र नम्वर तीनमा पाँच दलीय गठबन्धनका उम्मेदवार अनिलकुमार झा र एमाले गठबन्धनका उम्मेदवार जुली कुमारी महतो दुबै अन्य क्षेत्रवाट त्यो क्षेत्रमा निर्वाचन लड्ने भएका कारण दुबैले मतदान गर्न पाउने छैनन् । उम्मेदवार झा रौतहटका मतदाता छन् भने जुली धनुषाको निर्वाचन क्षेत्र नम्वर ४ वाट मतदाता भएका कारण दुबैले धनुषा तीनमा मतदान गर्न पाउने छैनन् ।

त्यस्तै, महोत्तरीमा पनि दुई प्रतिनिधिसभाका उम्मेदवारले आफूले आफैलाई मतदान गर्नवाट बञ्चित हुने भएका छन् । महोत्तरीको निर्वाचन क्षेत्र नम्वर २ र ३ बाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर र नेता शरत सिंह भण्डारीले आफूले आफैलाई मतदान गर्न पाउने छैन्। अध्यक्ष ठाकुर सर्लाहीका मतदाता छन् भने भण्डारी महोत्तरी निर्वाचन क्षेत्र नम्वर १ का मतदाता छन् । दुबै नेता मतदान गर्नवाट बञ्चित हुने भएका छन् । अध्यक्ष ठाकुर महोत्तरी निर्वाचन क्षेत्र नम्वर ३ बाट र नेता भण्डारी निर्वाचन क्षेत्र नम्वर २ बाट गत प्रतिनिधिसभाको निर्वाचनमा निर्वाचित भएका थिए । यस पटक पाँच दलीय गठबन्धनमा दुबै नेता परेका कारण दुबै जनालाई हैवी वेटका नेताको रुपमा लिइएको छ ।

त्यस्तै, पाँच दलीय गठबन्धनका एक घटक नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले यस पटक काठमाण्डु छाडेर रौतहटबाटनै निर्वाचन लड्ने भएका छन् । उनी काठमाण्डुबाट मतदाता रहेपनि यस पटक रौतहटबाट निर्वाचन लड्ने भएका कारण उनले पनि आफैलाई मतदान गर्न पाउने छैनन् ।

गत प्रतिनिधिसभाको निर्वाचनमा उनी काठमाण्डुबाट विजयी भएका थिए । तर, यस पटक रौतहटको निर्वाचन क्षेत्र नम्वर १ बाट उम्मेदवारी दिएकै कारण त्यो क्षेत्रबाट गत प्रतिनिधिसभाको निर्वाचनमा विजयी भएका वर्तमान लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता धनुषा निर्वाचन क्षेत्र नम्वर ३ का उम्मेदवार अनिल कुमार झा धनुषाबाट उम्मेदवारी दिएका छन् । उनकोलागि अनिल झाले त्यो क्षेत्र खाली गरेका छन् ।

लोसपाकै अर्का नेता लक्ष्मणलाल कर्णले पनि आफूले आफैलाई मतदान गर्न पाउने छैनन् । उनले पर्सा निर्वाचन क्षेत्र नम्बर चारका मतदाता छन् तर उनी १ बाट उम्मेदवार भएका छन् । गत प्रतिनिधिसभाको निर्वाचनमा उनी निर्वाचन क्षेत्र नम्वर ४ बाट विजयी भएका थिए ।

त्यस्तै, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)का अध्यक्ष वृषेश चन्द्र लालले पनि आफैलाई मतदान गर्नबाट बञ्चित भएका छन् । उनी धनुषा निर्वाचन क्षेत्र नम्वर तीनवाट मतदाता छन् भने उनी महोत्तरी निर्वाचन क्षेत्र नम्वर तीनवाट उम्मेदवारी दिएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) परित्याग गरी उनले तमलोपा गठन गरी पहिलो पटक प्रतिनिधिसभाको निर्वाचनमा भाग लिएका छन् । उनी लोसपाका अध्यक्ष महन्थ ठाकुरको विरुद्धमा निर्वाचन लडेका छन् । तर, महन्थ संगै उनी पनि आफैलाई मतदान गर्न पाउने छैनन् ।

# जनकपुरधाममा कात्तिक ५ गते गठबन्धनको भेला

**टुडे समाचारदाता**

जनकपुरधाम । पाँच दलीय सत्ता गठबन्धनले सातै प्रदेशमा चुनाब लक्षित भेला गर्ने भएको छ । बिहीबार बसेको गठबन्धनको बैठकले ’संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धन’ नारा दिएर सबै प्रदेशमा संयुक्त कार्यकर्ता भेला आयोजना गर्ने निर्णय गरेको छ ।

गठबन्धनले कांग्रेस नेता रामचन्द्र पौडेलको नेतृत्वमा केन्द्रीयस्तरको निर्वाचन परिचालन समन्वय समिति पनि गठन गर्ने भएको छ ।

प्रदेश र जिल्लास्तरमा गठबन्धन दलका प्रमुखहरू रहेको प्रदेश निर्वाचन समन्वय समिति गठन गरिने भएको छ ।

यसै क्रममा गठबन्धनले जनकपुरधाममा कात्तिक ५ गते २ बजे भेला गर्ने जनाएको छ ।

# राजविराजमा नमूना मतदान

**टुडे समाचारदाता**

राजविराज । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष निर्वाचनका लागि सप्तरीको राजविराजमा बिहीबार नमूना मतदान गरिएको छ । बदर मत कम गर्न र मतदाता शिक्षा प्रभावकारी बनाउन सहयोगी समाजले नमूना मतदान गरेको जानकारी दिएको छ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको महासङ्घ नेपालका कार्यक्रम संयोजक सिमरन शेरचनले विभिन्न जिल्लामा नमूना मतदान र साक्षरता कार्यक्रमअन्तर्गत राजविराजमा कार्यक्रम गरिएको बताए । उनले बदर मत कम गर्न र मतदानको महत्व बुझाउन प्रशिक्षणसँगै ‘नमूना मतदान’ अभ्यास गराएर सहभागीलाई गाउँघरमा सचेतना फैलाउन निर्देशन दिइएको बताए ।



नमूना मतदानमा महिला, पुरुष, अशक्त र वृद्धवृद्धाको लाइन मिलाउने, मतदाता परिचयपत्र रुजु गर्ने, मतदान अधिकृतको हस्ताक्षर रुजु गर्ने, गोप्य स्थानमा पुगी उम्मेदवारलाई मत दिन, मतपत्र पट्याउन र मतपेटिकामा मत खसाल्न सिकाइएको थियो ।

प्रत्येक मतदाताले चारवटा मतपत्रमा आफूले रुचाएको उम्मेदवार र दललाई मत खसाउन सिकेको सहभागी खडक नगरपालिका-६ की नन्दनी चौधरीले बताए । पहिलो हुने निर्वाचित हुनेतर्फ प्रतिनिधिसभा र प्रदेशसभाको छुट्टाछुट्टै मतपत्र र समानुपातिकतर्फ प्रतिनिधिसभा र प्रदेशसभाको छुट्टाछुट्टै मतपत्र गरी चारवटा मतपत्रमा एक-एकवटा चुनाव चिन्ह्मा मतदान गर्नुपर्ने कुरा सिकेको कञ्चनरुप नगरपालिका-५ का विवेक विकले जानकारी दिए ।

सहजकर्ता सविन बुढाथोकीले प्रतिनिधिसभा र प्रदेशसभाको गठन, मतदानको महत्व, मनोनयन, मतदान र मतगणना प्रक्रिया, सदर र बदर मतका बारेमा प्रशिक्षण दिएका थिए । प्रशिक्षणपश्चात प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि मतदाता शिक्षा प्रभावकारी बनाउन ‘नमूना मतदान’ अभ्यास गराइएको छ ।

नमूना मतदानमा सहभागी ४० जनामध्ये पहिलो हुने निर्वाचित हुने मतदानमा तीन जनाको मत बदर भएको र समानुपातिकमा शतप्रतिशत मत सदर भएको स्थानीय परिचालक रोशन चौधरीले जानकारी दिए ।

# उम्मेदवारी सम्बन्धी लोसपाको अडान

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले प्रतिनिधिसभा र प्रदेशसभाको उम्मेदवार सम्वन्धमा आफ्नो अडान कायम राखेको छ ।

पाँच दलीय गठबन्धनमा रहेका लोसपाका सर्लाही निर्वाचन क्षेत्र नम्वर २ मा माओवादी केन्द्रका चुनाव चिन्ह लिएर चुनावी मैदानमा रहेका नेपाल समाजवादी पार्टी (नेसपा)का उम्मेदवार महेन्द्र यादवलाई गठबन्धनले सघाउने र लोसपाका उम्मेदवार वरिष्ठ नेता राजेन्द्र महतोलाई समर्थन नरहेको ४ दलका प्रष्टीकरण गर्ने उद्देश्यले जारी गरेको विज्ञप्तिप्रति ध्यानाकर्षण भएको भन्दै बिहीबारको बैठकले विगतमा भएको सहमतिलाई नै आधार मान्ने जनाएको छ ।

लोसपाले सर्लाही निर्वाचन क्षेत्र नम्वर २ को प्रतिनिधिसभा जहाँ राजेन्द्र महतो र महेन्द्र यादव गठबन्धन दलकै उम्मेदवार छन् त्यहा मित्रवत् प्रतिस्पर्धा गर्ने भएको छ भने सर्लाही २ को (क) मा नेपाली कांग्रेसको उम्मेदवार हुने, सर्लाही २ को (ख) मा लोसपा नेपालको उम्मेदवार हुने जनाएको छ ।

त्यस्तै, सर्लाही १ को (क) मा लोसपा नेपालको उम्मेदवार हुने छ भने महोत्तरी १ को (क) मा लोसपा नेपालको उम्मेदवार हुने छ भने महोत्तरी २ को (क) मा लोसपाको उम्मेदवार हुने पार्टीका अध्यक्ष महन्थ ठाकुरले जानकारी दिएका छन् ।

# अनिल झाको वर्हिगमनपछि माधवलाई सहज

**टुडे समाचारदाता**

गौर । मधेश प्रदेशको रौतहटमा मंसिर ४ गते हुने चुनावी प्रतिस्पर्धामा रौतहट निर्वाचन क्षेत्र नम्वर १ वाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता अनिलकुमार झाको वर्हिगमनपछि माधवकुमार नेपाललाई निर्वाचन सहज भएको छ।

हुनत धनुषा जिल्लामा पनि अहिलेसम्म बामपन्थीहरुकै बर्चस्व देखिएको छ तर,एमाले बाहेकका बामपन्थीहरु मधेश प्रदेशमा प्रतिनिधिसभातर्फ बर्चस्व प्राप्त गरेका छन् । रौतहटमा पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालको उम्मेदवारी रहेका छन् भने एमालेलाई अन्योलमा राखेर स्वतन्त्र उम्मेदवारी दिएका प्रभु साह पनि रौतहटबाटै स्वतन्त्र उम्मेदवार बनेका छन् ।

निवार्चन आयोगले सार्वजनिक गरेको उम्मेदवारको अन्तिम सूचीअनुसार रौतहट निर्वाचन क्षेत्र नम्बर १ मा एमालेका अजय कुमार गुप्ता उम्मेदवार छन् । गुप्ताको मुख्य प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधव कुमार नेपाल छन् । सोही क्षेत्रमा नेपाल मजदुर किसान पार्टीका वैद्यनाथ प्रसाद चौधरी, जनमत पार्टीका राजेन्द्र प्रसाद साह, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका सरोज कुमारी, नेपाल सुशासन पार्टीका रंजित कुमार पटेल, नेपाली जनता दलका सुबोध चन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टीका मिस्टर सूर्यदेव कोइरालाले पनि उम्मेदवारी दिएका छन् । यस्तै स्वतन्त्रबाट अवधेश कुमार ठाकुर, राहुल कुमार मिश्र, अनिल कुमार लाल दास, राम अधार महतो कोईरी, मोहम्मद जियाउल हक, चन्दन कुमार जयसवाल, रेवन्त झा, रामबलि कुमार यादव र कोशिला देवीको उम्मेदवारी रहेका छन् ।

यस्तै क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसका फिरदोस आलम, जनता समाजवादी पार्टी, नेपालका शैलेन्द्र शाह, नेपाल मजदुर किसान पार्टीका दिनेश प्रसाद शाह तेली, जनमत पार्टीका रामयस झा, राष्ट्रिय प्रजातन्त्र पार्टीका महिन्द्र साह तेली, गान्धीवादी पार्टी नेपालका नन्दकिशोर प्रसाद यादवको उम्मेदवारी रहेको छ । यस्तै स्वतन्त्रबाट पना लाल साह, शेख यार महमद, किरण कुमार साह, शेख अब्दुल वोहिद, शेख सोवएल, अरुण कुमार साह र रइस आलमको उम्मेदवारी रहेको छ । यसैगरी क्षेत्र नम्बर ३ मा माओवादी केन्द्रले रविन्द्र पटेललाई उम्मेदवार बनाए पनि स्वतन्त्र उम्मेदवार प्रभु साहलाई गठबन्धनले समर्थन गर्ने भएको छ।

यस्तै,राष्ट्रिय प्रजातन्त्र पार्टीले सिकिन्द्र राय यादव, नेपाल मजदुर किसान पार्टलेरफिक दर्जी, जनमत पार्टीले रामेश्वर प्रसाद यादव, नागरिक उन्मुक्ति पार्टीले नागेन्द्र चौधरी, नेपाल सद्भावना पार्टीले शेख अरसद र राष्ट्रिय स्वतन्त्र पार्टीले नवीन प्रसाद चौर सियालाई उम्मेदवार बनाएको छ।

यस्तै, स्वतन्त्रमा राजेश कुमार पासवान, उमेश कुमार दास तत्मा, ओमप्रकाश, राज कुमार शर्मा, विरेन्द्र साह कलवार, गनिलाल प्रसाद यादव, महेन्द्र प्रसाद चौधरी, योगेन्द्र साह, सुरेश कुमार यादव, नागेन्द्र प्रसाद साह र स्वतन्त्र राजेश कुमार उम्मेदवार रहेका छन् ।

यसैगरी क्षेत्र नम्बर ४ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) उद्धव प्रसाद रेग्मीलाई उम्मेदवार बनाएको छ भने नेपाली कांग्रेसले देव प्रसाद तिम्लसिनालाई बनाएको छ । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले रुपलाल राय यादव, नेपाल मजदुर किसान पार्टीले अनिल कुमार राम, मौलिक जरोकिलो पार्टीले राजिव बछार, नेपाल कम्युनिष्ट पार्टी मालेले अनवरी खाँ, नेपाल जनता पार्टीले सिकन्दर राय यादव, बहुजन शक्ति पार्टीले विनोद पासवान, आमूल परिवर्तन मसिहा पार्टी नेपालले कृष्ण बहादुर थापा तथा राष्ट्रिय स्वतन्त्र पार्टीले राजनारायण साहलाई उम्मेदवार बनाएको छ ।

यसैगरी स्वतन्त्र उम्मेदवारमा भव नाथ शर्मा घिमिरे,अजय कुमार, हरेन्द्र झा, प्रशु नारायण चौधरी, अबिरल घिमिरे, चिरन्जीवी गौतम, प्रदिप विक्रम साह र ईश्वरी कार्की कापले रहेका छन् ।










जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८